# अन्नपूर्ण गाउँपालिका म्याग्दीद्धारा आ व २०८०/०८१ मा सञ्चालन तथा कार्यान्वयन भएका योजना/कार्यक्रमहरुको

# सामाजिक परीक्षण (Social Audit) प्रतिवेदन

# २०८१



अन्नपूर्ण गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी


मोवाइल फोनः९५७६८३८१०

इमेलः ito.annapurnamun@gmail.com

वेवसाइटः www.annapurnamunmyagdi.gov.np

| | |
|---|---|
| प्रतिवेदनको शीर्षक: | *अन्नपूर्ण गाउँपालिका म्याग्दीको सामाजिक परीक्षण प्रतिवेदन, २०८१* |
| गाउँपालिका: | *अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी* |
| समन्वय र सहयोग: | *अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी* |
| परामर्शदाता संस्था: | *सस्टेनेवल रिसर्च डेभलमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा. लि. पोखरा* |
| मिति: | *चैत्र २०८१* |

## विषय -सूची

परिच्छेद-१ ..... ५

१.१ पृष्ठभूमि ..... ५

१.२ गाउँपालिकाको संक्षिप्त परिचय ..... ७

१.३ सामाजिक परीक्षणको उद्धेश्य ..... ९

१.४ सामाजिक परीक्षणका आधार ..... ९

१.५ सामाजिक परीक्षणको सीमा ..... १०

परिच्छेद- २ ..... ११

२.१ सामाजिक परीक्षणको संस्थागत समनःवय. ..... ११

२.२ सामाजिक परीक्षण विधि ..... ११

२.३ सामाजिक परीक्षणका चरणहरु ..... १२

२.४ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रम सञ्चालन ..... १३

२.५ आचारसंहिता ..... १४

परिच्छेद- ३ ..... १६

३.१ सामाजिक परीक्षणको लक्ष्य ..... १६

३.२ क्रियाकलापहरू ..... १६

३.३ कार्यक्रम अवधि ..... १७

३.४ सामाजिक परीक्षण कार्यक्रममा सहभागी भएको जनशक्ति ..... १७

३.५ अनुगमन , मूल्याङ्कन र व्यवस्थापन ..... १७

३.६ अन्नपूर्ण गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरू ..... १७

परिच्छेद- ४ ..... ३९

अनुसन्धनात्मक भाग ..... ३९

४.१ बृहत छलफल कार्यक्रमहरूको विवरण ..... ३९

४.२ गत आर्थिक वर्षको यथार्थ आयव्ययको विवरण.................................................................... ३९

४.३ गत आ.व. २०८०/०८१ को योजनागत विवरण..................................................................... ४०

४.४ योजना तथा कार्यक्रमहरूको वृस्तीत विवरण...................................................................... ४१

४.५सम्पादित मुख्य मुख्य कार्यहरू ............................................................................................५६

परिच्छेद- ५ ........................................................................................................................ ५९

सामाजिक परीक्षणका निषकर्षहरू. .......................................................................................५९

५.१ सामाजिक परीक्षणले औं याएका सवालहरू.......................................................................... ...६०

५.२ सवालहरू सय्बोधन ........................................................................................................ ६०

५.३ सुझावहरू.........................................................................................................................६१

माइन्यूटहरू. ........................................................................................................................ ६३

फोटो झलकहरु ..................................................................................................................... ६५

## परिच्छेद -१

### १.१ पृष्ठभूमि

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय स्तरमा गठित स्थानीय सरकारहरूलाई स्वायत्त हुनेगरि धेरै अधिकार दिएको छ । कानुनको तर्जुमा गर्ने देखि कानुन कार्यान्वयन गर्ने, नीति तथा कार्यक्रम वार्षिक रुपमा तय गर्ने देखि कार्यक्रम र बजेट तर्जुमा गरी जनताका माग बमोजिमका योजनाहरू कार्यान्वयन गर्ने अधिकार अहिले स्थानीय सरकारसँग रहेको छ । यतिका धेरै अधिकारहरूको उपयोग तथा प्रयोग गर्ने अधिकार लिएको सरकारले गरेका हरेक क्रियाकलापहरूका बारेमा जनतालाई थाहा हुन पाउनु अनिवार्य हुन्छ । यसले स्थानीय सरकारलाई सुशासन कायम गर्ने र गरिबी न्यूनीकरण गर्ने कार्यमा मार्गदर्शनको कार्य गर्दछ ।


स्थानीय तहहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई सेवा प्रवाह तथा विकास निर्माणका कार्यलाई गुणस्तरीय एवं जनमुखी बनाउन स्थानीय तहबाट हुने सम्पूर्ण कामकारवाहीहरूको जनस्तरबाट अनुमोदन गराउनका लागि सामाजिक परीक्षण गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) तथा अन्नपूर्ण गाउँपालिका, म्याग्दीले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नुपर्ने हुन्छ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधार मानी लेखाजोखा गरिएको छ ।

स्थानीय स्तरमा भए गरेका कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व वहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१( मा सामाजिक परीक्षणको व्यवस्था गरिएको छ । सामाजिक परीक्षण स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा

प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य हो । सार्वजनिक रकम प्रति सार्वजनिक रुपमा सो खर्च गर्ने तह तथा अधिकारी उत्तरदायी हुनुपर्ने सामान्य मान्यताको विकास हो । खर्च गर्ने तह वा अधिकारीले माथिल्लो तह प्रति जिम्मेवारी हुनुपर्ने कानूनी प्रावधान र अनुगमनका व्यवस्थाहरू प्रचलनमा भएता पनि लाभग्राही करदाता तथा समुदाय प्रतिको जबाफदेहीता गौण मानिदै आएको अवस्थालाई हामीले स्विकार्नु पर्दछ । सामाजिक परीक्षण कुनै पनि आयोजनाबाट जनताले कति फाइदा प्राप्त गर्न सके भनेर मूल्याङ्कन गर्ने महत्वपूर्ण औजार हो । विकास जनताले जनताको लागि भन्ने सुशासनको मर्मसँग यसले नजिकको सम्बन्ध राख्दछ । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवलाहरूले सामाजिक कार्यसम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखा परीक्षण र सामाजिक परीक्षण बिच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्त्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्मता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

समाजिक परीक्षण वर्षमा एक पटक मात्र गर्ने गरिन्छ। स्थानीय तहबाट एक आर्थिक वर्षममा सम्पादित कामहरुले सामाजिक उपलब्धिहरु कति सम्म प्राप्त गर्न सके सोको विश्लेषणबाट सामाजिक प्रभावसम्मको अवस्थाको आकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुन्छ। सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्ने देखिन्छ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निश्कर्षहरुले सघाउने छन् । अन्नपूर्ण गाउँपालिकाद्धारा गत आ.व. २०८०/८१ मा सम्पन्न भए गरेका योजना/कार्यक्रमहरुको सामाजिक प्रभाव के पर्यो र त्यसको मूल्याङ्कन गरी आगामी आ.व. मा सोही प्रकारको नीति तथा कार्यक्रम तर्जुमा गर्ने उद्देश्यले कानुनमा व्यवस्था भए बमोजिम सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ गाउँपालिकाको संक्षिप्त परिचय




म्याग्दी जिल्लाको उत्तरी भेगमा अवस्थित अन्नपूर्ण गाउँपालिका जिल्लाको अन्नपूर्ण हिमालको नामबाट राखिएको हो । यस गाउँपालिकाको संरचना नेपाल सरकार सङ्घीयताको सिद्धान्त अनुसार साविकका दोबा, भूरुङ तातोपानी, दाना, नारच्याङ, सिख, घारा, हिस्तान र राम्चे गाउँ विकास समितिहरूलाइ मिलाएर यो गाउँपालिका बनेको हो । यस गाउँपालिकाको सदरमुकाम यसै गाउँपालिकाको व.डा. नं. ६ स्थित पोखरेबगरमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिको घान्द्रुक, पश्चिममा रघुगंगा गाउँपालिका वडा नं. १ तिप्ल्याङ, उत्तरमा मुस्ताङ जिल्लाको थासाङ गाउँपालिका वडा नं १ घासा र दक्षिणमा पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं. १ पर्दछ । वटा रहेका छन् भने यो गाउँपालिका ५५६.४१ वर्ग कि.मी. कुल क्षेत्रफलमा फैलिएको छ । जम्मा ८ वटा वडामा विभाजित यस गाउँपालिकामा १६ सदस्यीय कार्यपालिका र ४४ सदस्यीय गाउँ सभा रहेको छ ।

अन्नपूर्ण गाउँपालिका क्षेत्रमा ३२ प्रजातिका गुराँस मध्ये घोडेपानी क्षेत्रको जङ्गलमा रातो, सेतो, गुलाबी लगायत ८ प्रजातिका गुराँसहरू पाइने भएकोले यो क्षेत्रलाई गुराँसको राष्ट्रिय बगैंचा बनाउन सकिने छ। पृष्ठभूमिमा हिमाल माछापुछ्रे, धौलागिरी, अन्नपूर्ण र निलगिरी हिमालको साथसाथै सूर्योदयको अवलोकन गर्न सकिने हुनाले पर्यटकीय हिसाबले अझै महत्त्व राखेको पाइन्छ ।

ऐतिहासिक धार्मिक सांस्कृतिक पर्यटकीय हरेक दृष्टिकोणले अथाह सम्भावना बोकेको अन्नपूर्ण गाउँपालिका भित्र नेपालकै प्रमुख हिमनदी कालिगण्डकी, मिर्स्ति खोला आदी अविरल बगिरहेका छन् । जाति, भाषा, संस्कृति तथा धर्मको दृष्टिकोणले साझा फूलबारी रहेको यस गाउँपालिका भित्र मगर, क्षेत्री, नेवार, थकाली, गुरुङ, ब्राह्मण, गिरी, खड्का, विश्वकर्मा, दर्जी, किसान

लगायतका जातिको बसोबास रहेको छ । आफ्नो जातीय परम्परा र संस्कृतिलाई अनुसरण गर्दै आएका यहाँका मानिसहरू नेपाली भाषाको प्रयोग गर्दछन् । साथै हिन्दु धर्म मान्नेहरूकै बाहुल्यता रहे पनि बौद्ध, ख्रीष्टियन, मुस्लिम धर्मावलम्बीहरू पनि रहेका छन् ।

अन्नपूर्ण गाउँपालिका अन्तर्गत पर्ने विविध खालका पर्यटकीय दृश्यहरूलाई उजागर गर्नुपर्दा अन्नपूर्ण हिमाल, विश्वकै गहिरो अन्धगल्छी, रुप्से झरना, नारच्याङ झरना, पुनहिल, तातोपानी कुण्ड, खयरीबराह, प्यारीबराह, मोहरे डाडाँ, गुराँसे जङ्गल, सम्पूर्ण मगरहरुको आस्थाको केन्द्र करपाकेली थान लगायतका रमणीय धार्मिक तथा ऐतिहासिक धरोहरहरू यस गाउँपालिका भित्र पर्दछन् । नेपालकै लामो अन्नपूर्ण पदमार्गले समेत यस गाउँपालिकालाई छोएको छ । यस अन्नपूर्ण अन्तर्गत मिरस्त्री, घलेम्दी, कालीगण्डकी पहिलो र कालीगण्डकी दोस्रो जलविद्युत आयोजनाहरू यस गाउँपालिका अन्तर्गत निर्माणाधीन छन् । यो गाउँपालिका जलऊर्जाको हिसाबले पनि प्रचुर सम्भाव्यता बोकेको क्षेत्र हो । अन्नपूर्ण गाउँपालिका म्याग्दीको मात्र नभएर गण्डकी प्रदेश कै गहनाको रुपमा लिन सकिन्छ। मुस्ताङ जाने मुख्य मार्ग, मनोरम हिमशृङ्खला र अलौकिक संस्कृति सहितको विशिष्ट भूपरिवेशले गर्दा यस गाउँपालिकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार अन्नपूर्ण गाउँपालिकाको कुल जनसंख्या १२३२३ रहेको छ । कुल जनसंख्या मध्ये ६०८६ जना (४९.४ प्रतिशत) पुरुष र ६२३७ जना (५०.६प्रतिशत) महिला रहेका छन् । हालको लैङ्गिक अनुपात ९७.५८ प्रति पुरुष १०० महिला छ । यहाँको जनघनत्व २२ जना प्रति वर्गमिटर छ । कुल परिवार संख्या ३६०० रहेको छ भने कुल साक्षरता दर ७९.२ प्रतिशत रहेको छ । पुरुष साक्षरता दर ८६.८ प्रतिशत र महिला साक्षरता दर ७२.२ प्रतिशत रहेको छ ।यस गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्याको प्रतिशत ६.५ छ भने अपाङ्गता भएका पुरुष जनसंख्या प्रतिशत ६.९ र अपाङ्गता भएका महिला जनसंख्या प्रतिशत ६.१ रहेको छ ।

## १.३ सामाजिक परीक्षणको उद्देश्य

अन्नपूर्ण गाउँपालिकाको कार्यसम्पादन स्तरलाई सुधार गर्न सहयोग पुर्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो भने गाउँपालिकाको सामाजिक परिक्षण गर्नुका विशिष्ठ उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१.गाउँपालिकाको सामाजिक जिम्मेवारी निर्वाहको मूल्याङ्कन गर्ने ।

२.समुन्नत समाज निर्माणको लागि भइरहेका सामाजिक फाइदाहरूको समीक्षा गर्ने ।

३.गाउँपालिकालाई नागरीकमैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।

४.स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा बढी अङ्क ल्याई बढी अनुदान प्राप्त गर्नमा टेवा पुर्याउने ।

## १.४ सामाजिक परीक्षणका आधार

अन्नपूर्ण गाउँपालिकाको यो सामाजिक परीक्षणको आधारलाइ देहाय बमोजिम उल्लेख गरीएको छः

- अन्नपूर्ण गाउँपालिकाको कार्यालयको संगठन संरचना
- अन्नपूर्ण गाउँपालिकाको नीति रणनीति र आगामी कार्य क्षेत्र र सोको प्रभावकारिता
- योजना, कार्यक्रम र वजेट व्यवस्थापन
- अन्नपूर्ण गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन, मूल्याङ्कन
- प्रदुषण नियन्त्रण, वातावरण संरक्षण र दिगो विकासमा गाउँपालिकाले खेलेको भूमिका
- सेवाग्राहीको हित एवं नागरिकमैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमिका
- महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण, प्रवर्द्धन र विकासमा गाउँपालिकाले दिएको योगदान
- सरकारी एवं गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह
- अन्नपूर्ण गाउँपालिकाको सामाजिक योगदान ।

## १.५ सामाजिक परीक्षणको सीमा

अन्नपूर्ण गाउँपालिकासँग सम्बन्धित ऐन, नियम कार्यविधिहरू र निर्देशिकाहरू, सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना विषयगत इकाईहरूका समेतमा, सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू तथा अन्य आवश्यक सामाग्रीहरू अध्ययनको साथै आ.व. २०८० / ८१ मा भए गरेका योजना तथा कार्यक्रमहरूबाट सामाजिक रुपमा के कस्तो असर प्रभाव पर्यो त्यसको परिधि तथा सीमा भित्र रहेर समाजिक परीक्षण कार्य गरिएको थियो ।

## परिच्छेद-२

### २.१ सामाजिक परीक्षणको संस्थागत समन्वय

अन्नपूर्ण गाउँपालिकाले आर्थिक वर्ष २०८०/ ०८१ मा सम्पादन गरेका परियोजना तथा कार्यक्रमहरू र त्यसका सामाजिक उपलब्धिहरूको लेखाजोखा गर्नका लागि यो कार्य गरिएको हो । सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय तह तथा सामाजिक परीक्षकलाई सहयोग गर्नका लागि अन्नपूर्ण गाउँपालिकाले गठन गरेको सामाजिक परीक्षण समन्वय समितिसँग समन्वय साथै विषयगत शाखाका कर्मचारीहरूको सहयोग तथा क्षेत्रगत अवलोकन गरि लाभान्वित वर्गसँगको छलफल तथा अन्तरक्रिया गरि सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको हो ।

### २.२ सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरीएको छ ।

**क) सन्दर्भ सामाग्रीहरूको समीक्षा र अध्ययनः**

- स्थानीय तह सम्बन्धी ऐन नियम कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी लक्ष्य उद्धेश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत)
- सामाजिक उपलव्धि कार्यसम्पादन परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचनाहरू
- नागरिक वडापत्र
- वार्षिक प्रतिवेदनहरू

ख) **अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल :**

सामाजिक परीक्षक विज्ञ समूह टिमलिडर महेन्द्र प्रसाद लामिछाने र विज्ञ जुनादेवी पुनद्धारा सूचकहरूका आधारमा गाउँपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, आयोजना प्रमुख, विषयगत ईकाई प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता साथै व्यापक रुपमा अन्तरक्रियात्मक छलफल गरीएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल पनि गरियो । आवश्यकता अनुसार

स्थलगत निरीक्षण र अवलोकन गरि सामाजिक कार्य सम्पादनको अवस्था अध्ययन गर्ने कार्य भयो ।

**ग) प्रस्तुति तथा छलफलः**

कार्यशर्तमा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसार केन्द्रकृत रहेर व्यापक छलफलको लागि प्रस्तुत गरियोः

- सामाजिक परीक्षणका निश्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई संबोधन गर्ने (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयबस्तुहरू
- सुझावहरू

**घ) प्रतिवेदन तयारी :**

यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्य दिशाकाबारेमा समेत गहन अध्ययन गरि प्रतिवेदन तयार गरियो । प्रतिवेदन तयार गर्दा विषयगत इकाई र गैससहरूले समेत गरेको कामहरूको विवरण समेत गाउँपालिकाको अङ्गको रुपमा समावेश गरी तयार भएको प्रतिवेदन सामाजिक परीक्षण कार्यक्रममा पेश गरियो । तोकिएको ढाँचामा आधारित मस्यौदा प्रतिवेदन तयार पारियो । सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत प्रतिवेदन उपर छलफलका क्रममा उठेका सुझाव सहित अन्तिम प्रतिवेदन तयार गरियो ।

## २.३ सामाजिक परीक्षणका चरणहरू

**तयारी चरणः** यस चरण अन्तरगत सामाजिक परीक्षकले सामाजिक परीक्षण समिति वा कर्मचारीहरूको सहयोगमा प्रारम्भिक प्रतिवेदन तयार पारियो ।

**छलफल तथा प्रस्तुतीकरण चरणः** यस चरणमा सामाजिक परीक्षकले तयार गरेको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेपछि सहभागिहरूद्धारा उक्त प्रतिवेदन उपर खुला छलफल भएको थियो । यस चरणमा सामाजिक परीक्षकद्धारा आगामी वर्षका लागि सुझावहरू समेत संकलन भएको थियो ।

**समीक्षा तथा कार्ययोजना तयारी चरणः** यस चरणमा दोश्रो चरणमा उठेका जिज्ञासाहरू, आलोचनाहरू र प्रश्नहरूका साथै आएका सुझावहरूलाई कार्यान्वयनमा लैजानका लागि एउटा कार्ययोजना निर्माण गरी सामाजिक परीक्षणको समग्र प्रक्रियाको बारेमा समीक्षा भएको थियो ।

**सहभागिताः**

- सामाजिक परीक्षणको समीक्षा तथा छलफल भेलामा उपस्थित हुन गाउँसभाका सबै सदस्यहरू, प्रमुख सरोकारवालाहरू, उपभोक्ता समितिका प्रतिनिधिहरू, वास्तविक उपभोक्ताका प्रतिनिधिहरू, नागरिक समाज, राजनैतिक दल, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधिहरू, स्थानीय गैसस, सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, साझेदार संस्थाहरू, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, बिभिन्न समितिका प्रमुखहरू, लेखा प्रमुख, बिषयगत इकाईका प्रमुखहरूको उपस्थितिको लागि आह्वान भएको थियो ।
- स्थानीय तह र विषयगत शाखाहरू सहितको वार्षिक योजनामा समावेश भएका गैर सरकारी संस्थाहरूको हकमा स्थानीय तहकै अभिन्न अङ्गकोरूपमा सामाजिक परीक्षणमा समावेश गरिएको छ । सामाजिक परीक्षकले कार्यालय, सरोकारवाला र वास्तविक उपभोक्ताहरू, प्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी सामाजिक प्रतिवेदन तयार गरिएको छ ।

## २.४ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रम सञ्चालन

१. सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राखि उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना र हस्ताक्षर सहितको उपस्थिति उठाइएको थियो

२. कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी दिइएको थियो ।

३. सामाजिक परीक्षकद्धारा तोकिए बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरियो ।

४. गाउँपालिकाको तर्फबाट कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमश राखि खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रया तथा सुझावहरू संकला गर्ने कार्य गरियो ।

- गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेको प्रभाव कस्तो छ ?
- गाउँपालिकाले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति के कस्तो छ ?
- गाउँपालिकाले ठिक समयमा सेवा, सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरू के के होलान् ?
- गाउँपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वासनियता कस्तो छ ?
- बालबालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठनागरिक र पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारीता सामाजिक रुपमा कस्तो भयो ?
- गाउँपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर कस्तो छ ?
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय तहको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू के के छन् ?

५. सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी सहभागीले राखेका जिज्ञासा तथा विचारमा स्थानीय तहको तर्फबाट थप स्पष्ट पारिएको थियो।

६. सामाजिक परीक्षण प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्नेछ ।

७. गाउँसभाले स्वीकृत गरेको सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक हुनेछ ।

८. सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गराउने जिम्मेवारी अन्नपूर्ण गाउँपालिका, म्याग्दीको हुनेछ ।

## २.५ आचारसंहिता

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गरिएको थियो ।

- विषयबस्तुमा मात्र केन्द्रित रहि छलफल गर्ने ।

- तथ्य र सूचनाको आधारमा मात्र विचार प्रस्तुत गर्ने ।
- निजी तथा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारहरूमा प्रतिवाद नगर्ने प्राप्त प्रतिक्रिया सुझावहरू तथा टिप्पणीलाई सकरात्मक रुपमा लिने ।
- व्यक्ति तथा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम गर्ने ।
- सहभागीहरूलाई वीचार राख्न प्रोत्साहन गर्ने र विचारको लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालैपालो बोल्ने र एकजना व्यक्ति एक पटक मात्र बोल्ने ।
- आफ्ना कुराहरुलाई छोटकरीमा स्पष्टरुपमा राख्ने र बिचमा अर्काको कुरा नकाट्ने ।

## परिच्छेद-३

### ३.१ सामाजिक परीक्षणको लक्ष्य

- गाउँपालिकाले आ.व. २०८०/०८१ मा सञ्चालन गरेका कम्तीमा १८ वटा भन्दा बढि कार्यक्रमहरु तथा योजनाहरूको क्षेत्रगत संख्या पहिचान गर्ने ।
- गत आ.व. २०८०/०८१ मा गाउँपालिकाबाट विकास निर्माणको सन्दर्भमा सम्पादन भएका क्रियाकलापहरूबाट उपभोक्ताहरूले लिएको फाइदा थाहा पाउने ।
- गत आ.व. मा गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त उपलव्धिहरूलाई प्रतिवेदनका रुपमा प्रकाशन गर्ने ।
- गाउँ कार्यपालिकाको कार्यालयमा प्राप्त प्रतिवेदनमा औल्याइएका सुझावहरुलाई आगामी वर्षको योजना तर्जुमाको अभ्यासमा अबलम्वन गर्ने ।

### ३.२ क्रियाकलापहरू

- गाउँपालिकाले कानुन बमोजिम मापदण्ड पुगेको सामाजिक परीक्षक सेवा करारमा नियुक्त गर्ने कार्य भएको ।
- गाउँपालिकामा एक सामाजिक परीक्षण समन्वय समिति गठन गरि सामाजिक परीक्षणको कार्यलाइ अगाडि बडाइएको ।
- उपभोक्ता समिति र उपभोक्ताहरू बिच छलफलको आचारसंहिता तयार गरी लागु गरिएको।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरू र उपभोक्ता समितिहरूसँग अन्तर्क्रियात्मक छलफल गरिएको ।
- प्रतिवेदन प्रस्तुति र छलफल गर्ने कार्य सम्पन्न भएको ।
- प्रतिवेदन तयारीको चरण र छलफलको चरणमा उठेका सुझाव तथा निर्णयहरूलाई प्रतिवेदनमा समावेश गरिएको ।
- सामाजिक परीक्षणको लागि सम्पूर्ण तयारी पूरा भएको ।
- सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुति गर्ने कार्य भएको ।
- प्रतिवेदनको तयारी गरी कार्यपालिकामा बुझाउने कार्य ।
- प्रतिवेदनको कार्यान्वयन ।

### ३.३ कार्यक्रम अवधि

२०८१ साल फागुन र चैत्र २५ दिन ।

### ३.४ सामाजिक परीक्षण कार्यक्रममा सहभागी भएको जनशक्ति

- गाउँपालिकाका पदाधिकारीहरू
- प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारीहरू
- सामाजिक परीक्षण विज्ञ
- उपभोक्ता समितिका पदाधिकारीहरू
- वडा तहका कर्मचारीहरू
- समन्वयको लागि गाउँपालिकाको प्राविधिक कर्मचारी १ जना ।

### ३.५ अनुगमन, मूल्याङ्कन र व्यवस्थापन

कार्यकर्मको अनुगमन, मूल्याङ्कन र व्यस्थापन गर्नका लागि देहाय बमोजिम एक सामाजिक परीक्षण समन्वय समिति गठन भएको हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) | प्राविधिक शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ङ) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) | योजना शाखा प्रमुख | सदस्य |
| (छ) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |

### ३.६ अन्नपूर्ण गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरू

**आर्थिक वर्ष २०८० /०८१ का प्रमुख नीति तथा कार्यक्रमहरू:**

अन्नपूर्ण गाँउपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमले जनताका अधिकतम अपेक्षाहरु विकास निर्माण, उत्पादन र अन्य कच्च बृद्धि, रोजगारी सिर्जना, स्थानीय नेतृत्वको विकास,

स्थानीय स्तरमा श्रम र सीपमा आधारित रोजगार कार्यक्रम, मानव संसाधन विकास, महामारी नियन्त्रण, यसको जोखिम कम गर्ने, स्थानीय स्रोत र साधनबाट प्राप्त लाभहरुको समानुपातिक एवं न्यायोचित वितरण, प्रभावकारी सेवा प्रवाह, दीगो र सन्तुलित विकास, समसामायिक मामिलाहरूको सम्बोधन र कानुनी शासनको प्रत्याभुतिलाई प्राथमिकतामा संघीय सरकारको "समृद्ध नेपाल सुखी नेपालीको" राष्ट्रिय आकांक्षा, गण्डकी प्रदेशको "समृद्ध प्रदेश र सुखी नागरिक" दिर्घकालिन सोच र अन्नपूर्ण गाउँपालिकाको "समृद्ध अन्नपूर्ण निर्माणको आधारः दीगो कृषि, पर्यटन, ऊर्जा र उत्थानशील पूर्वाधार" दिर्घकालीन सोच केन्द्रित छन् ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१) संविधानले प्रत्याभूत गरे अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा निश्चित भौगोलिक दूरीमा सबै बालबालिकाको पहुँच विकास गर्दै लगिने ।

२) विद्यालय जाने उमेरका सबै बालबालिकालाई आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच बनाईनेछ, प्रौढ तथा विद्यालय अभिभावक शिक्षा, विद्यालय बाहिरका बालबालिका शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाइ, सामुदायीक सिकाइ र विशेष शिक्षा सम्बन्धी कार्यहरु सञ्चालन गरी त्यसका लागि स्रोत व्यवस्थापन गरिने ।

३) सामुदायिक विद्यालयको निःशुल्क सेनेटरी प्याड र दिवा खाजा कार्यक्रम सम्बन्धमा सरोकारवालहरूसँग अन्तरक्रिया एवम् छलफल गरी थप प्रभावकारी बनाउनुको साथै सुनौला हजार दिनका आमा र बच्चाको स्वास्थ्य स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई विषय शाखाहरु शिक्षा, स्वास्थ्य, कृषि, पशु र खानेपानी तथा सरसफाइको शासकीय प्रबन्ध कार्यक्रममा तारताम्यता मिलाउने व्यवस्था गरिने ।

४) अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई अभिमुखीकरण गरी सवल र सक्षम बनाउने।

५) राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप जीवनपयोगी ज्ञान र सिपमा आधारित भई स्थानीय ज्ञान, सिप, प्रविधि, हाम्रा धार्मिक, साँस्कृतिक र पर्यटकीय गन्तव्यको प्रचार-प्रचार (Localization to Globalization) गर्न अन्नपूर्ण गाउँपालिकाको आवश्यकताको बोध हुने गरी कक्षा १ देखि

कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम निर्माण भइसकेको अवस्थामा कक्षा ६-८ को समेत पाठ्यक्रम निर्माण गरी कक्षा देखि कक्षा ८ सम्म पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण, छपाई र वितरण गरी शैक्षिक सत्र २०८१ देखि स्थानीय पाठ्यक्रम पूर्ण रुपमा लागु गरिने ।

६) एक स्थानीय तह एक प्राविधिक धारको विद्यालय" को रुपमा गण्डकी प्रदेशको पहिलो इलेक्ट्रीकल इन्जिनियरिङ विद्यालय श्री प्रभा मा.वि.लाई अन्नपूर्ण गाउँपालिको गौरव विद्यालयको रुपमा विकास गरिने ।

७) गाउँपालिका भित्र पठन संस्कृतिको विकासका लागि सामुदायिक पूस्तकालय, वाचनालय र सामुदायिक सिकाइ केन्द्रको सुदृढीकार गरी समुदायको सशक्तिकरण गर्न आजीवन सिकाइलाई निरन्तरता दिनुको साथै सामुदायिक सिकाइ केन्द्रलाई तथ्याङ्क संकलन केन्द्रको रुपमा विकास गरिने ।

८) विद्यालय शिक्षामा नेतृत्वको सवलीकरण, पेशागत सहयोग प्रणालीको विकास गरी पेशागत उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरी सबै प्रकारका शिक्षामा सुशासन कायम गर्ने ।

९) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ र शैक्षिक ब्यवस्थापन प्रणालीको अभिन्न अंगको रुपमा विकास गरी सृदृढीकरण गर्ने ।

१०) "एक वडा एक स्रोत र साधनले सम्पन्न आवासीय विद्यालय" को रुपमा विकास गरी नानी बाबुहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक कानून र गुरुयोजना निर्माण गरिने ।

११) भौगोलिक रुपमा समेत कमजोर भू-धरातलीय बनोट रहेको हाम्रो अन्नपूर्ण गाउँपालिका प्राकृतिक प्रकोपको रुपमा उच्च जोखिमम रहेको हुँदा सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरूको लागि समेत विपत जोखिम उत्थानशितला सम्बन्धी कार्यक्रम सञ्चालन गरिने ।

१२)विद्यालयलाई केन्द्रविन्दु बनाई खेलकुद प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्ने उद्देश्यका साथ सञ्चालित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र विद्यालय पि.टी.

(Physical Training) लाई थप ब्यवस्थित र प्रभावकारी बनाउन विद्यालयगत प्रशिक्षक तयारी कार्यक्रम सञ्चालन गरिने ।

१३)सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत सबै विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको लागि प्रोत्साहन स्वरुप दिइदै आएको थप तलब भत्तालाई निरन्तरता दिँदै आगामी दिनमा कम्तिमा प्रावि तृतीय तह सरहको सेवा र सुविधाको ब्यवस्था गरिने।

१४)विषयगत नतिजा विश्लेषण गरी शिक्षकको आगामी नतिजा सुधार योजना (Result Improvement Plan) लागु गर्न बाह्य मुल्याङ्कनको रुपमा कक्षा ५ र ८ को बार्षिक परीक्षा गाउँपालिका स्तरीय रुपमा सञ्चालन गरिने ।

१५)शिक्षण सिकाइमा नविनतम प्रविधिको प्रयोग गर्न शिक्षकको क्षमता विकास गर्नुको साथै स्तरयुक्त प्रश्नपत्र निर्माण कार्याशाला मार्फत प्रश्न बैङ्क निर्माण गरी प्रयोग गरिने ।

१६)स्थानीय उत्पादन नहुँदा गाउँपालिकाले भोगिरहेको सामुदायिक विद्यालयमा गणित, अंग्रेजी र विज्ञान विषयका विषयगत शिक्षकको अभाव परिपूर्ति गर्न कम्तिमा प्रत्येक वडाबाट एकजना क्षमता भएर पनि आर्थिक अभावका कारण विज्ञान र प्राविधिक विषय अध्ययन गर्न नसकेका जेहेन्दार विद्यार्थी छनौट गरी कम्तिमा स्नातक तहसम्म अध्ययन गर्न छात्रबृत्ति उपलब्ध गराउने गरी आवश्यक कानून तर्जुमा गरी कार्यान्वयन गरिने ।

१७)गाउँपालिकाबासी युवा तथा किशोर किशोरीहरूलाई निजामती सेवा र शिक्षक सेवा प्रवेशमा उत्पेरित एवं आकर्षित गर्न विभिन्न तयारी कक्षाहरू सञ्चालन गरिने ।

१८)"हाम्रो विद्यालय राम्रो विद्यालय" अभियान अन्तर्गत स्थानीय सरकारका गतिविधि विद्यालय र समुदायसम्म र विद्यालय एवं समुदायक गतिविधि गाउँपालिकासम्म आदान प्रदान गराउन अध्यक्षसँग विद्यार्थी भेटघाट कार्यक्रम सञ्चालन गरिने ।

१९)न्यून विद्यार्थी संख्या भई फाजिलमा परेका विद्यालयहरूलाई विद्यालय नक्शांकन गरी नजिकैको सामुदायिक विद्यालयमा समायोजन एवं एकीकरण गर्न प्रारम्भिक अध्ययन र अनुसन्धान कार्यलाई अगाडि बढाइने।

२०)अन्नपूर्ण गाउँपालिकाको एकमात्र उच्च शिक्षा अध्यापन गराउने मुक्तिमार्ग सामुदायिक क्याम्पसलाई हाल सञ्चालन स्थानमा स्थानान्तरण गरेर भएपनि सबैको पहुँचमा पुर्याउने गरी थप व्यवस्थापन गर्न सामुदायिक स्वासाहरु सँग छलफल तथा अन्तक्रिया कार्यलाई प्रभावकारी बनाइने।

२१)सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता गाउँपालिकाबाट सिधै शिक्षक तथा कर्मचारीहरूको व्यक्तिगत खातामा पठाउने प्रणालीको विकास गरिने ।

२२)उच्च मनोलब बनाई उत्प्रेरणाका साथ कार्यक्षेत्रमा लाग्न विद्यालयमा कार्यरत अस्थायी प्रकृतिका कर्मचारीहरूको लागि अस्थायी कर्मचारी कल्याणकारी कोष नीति ल्याइने ।

२३) शैक्षिक सत्रको बीचमा शिक्षक परिवर्तन भई लामो समयसम्म रिक्त रहँदा विद्यालयको पठनपाठनमा गम्भीर असर पर्न गई शैक्षिक क्षति भइरहेको हुँदा आधारभूत र माध्यमिक तहसम्मको शिक्षकको सरुवा र नियुक्ति प्रकृया सम्बन्धमा थप कानून निर्माण गरी ब्यवस्थित गराइने ।

२४)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडाको काम, कर्तब्य र अधिकार अन्तर्गत रहेको वडा भित्र बाल उद्यान (Children Park) स्थापना गर्ने कार्यको सुरुवात गरिने।

२५)विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइ केन्द्रको रुपमा विकास गर्न र विद्यार्थी सिकाइ सहजताका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण गरी सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाइमा सुधार ल्याइने।

२६)गाउँपालिका भित्र सञ्चालित शैक्षिक संस्थाहरुको भौतिक संरचना तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्न संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरिने ।

२७)गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरूलाई आत्मनिर्भरताको निम्ति सिपमूलक, उत्पादनमूलक, ब्यावसायिक र प्रविधियुक्त शिक्षाको विकास गर्न विभिन्न शैक्षिक सुधार एवं प्रोत्साहन अनुदान दिने नीति लिइने ।

२८)गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय भइरहेका असल अभ्यासको आदानप्रदान गरी दैनिक विषयगत समस्याहरुको समाधान गर्न विषयगत शिक्षक कार्यदल निर्माण गरी

शिक्षकलाई मेन्टोरिङ, विषयगत तालिम, शैक्षिक सामाग्री निर्माण, प्रयोग र ब्यवस्थापन जस्ता क्रियाकलाप मार्फत विषयगत सिकाइ उपलब्धिमा क्रमश सुधार ल्याउन विषयगत शिक्षकलाई प्रमुख जिम्मेवार बनाइने ।

२९)सामुदायिक विद्यालयमा बालबालिकालाई विद्यालय शिक्षाबाट बञ्चित हुन नदिन, विद्यालयमा टिकाइ राख्न र शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि बालकक्षा देखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम र सबै प्रकारका शैक्षिक संस्थाहरुमा निशुल्क इन्टरनेट पहुँचको विस्तार एवं सुनिश्चितता गरी क्रमश प्रविधिको पहुँच पुर्याइने ।

३०)सम्पूर्ण विद्यालयहरूमा क्रमशः पुस्तकालय, विज्ञान प्रयोगशाला र डिजिटल लाईब्रेरी सहित कम्प्युटर प्रयोगशालाको निर्माण कार्यलाई निरन्तरता दिदै यिनीहरूको दैनिक प्रयोगमा जोड दिइने।

३१)विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका निमित्त शिक्षा शाखाको नेतृत्वमा सूचकमा आधारित संयुक्त अनुगमन (Joint Monitoring) मार्फत नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण गर्न विशेष जोड दिइने ।

३२)सामुदायिक विद्यालयलाई आम नागरीकको चासो र रोजाइको रुपमा विकास गर्न विद्यालय ब्यवस्थापनका पदाधिकारी र प्र.अ.को नेतृत्व क्षमता विकास गर्नुको साथै विभिन्न प्रकृतिका अभिभावक सचेतना शिक्षा कार्यक्रमहरू सञ्चालन गरिने ।

३३)स्थानीय सरकारको सभा सञ्चालन र ब्यवस्थापन सम्बन्धमा आम युवा तथा किशोर किशोरीलाई जानकारी गराउन नमुना युवा संसद अभ्यास कार्यक्रम क्रमश गाउँपालिका हुँदै वडासम्म सञ्चालन गरिने ।

**ख) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसाँस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिने ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइने ।

३. गाउँपालिका भित्र आयोजना हुने मेला महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइने।

४. गाउँपालिका भित्र हुने भुमे पुजा, पुख्यौंली नाँच आदिलाई संरक्षण र व्यवस्थित गरिने नीति लिईने ।

५. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रबर्द्धन गरिने छ।

६. पर्यटकहरूलाई विभिन्न जातजातिहरूको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन होमस्टे सहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुना घर छनौट गरिने ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. युवालाई उद्यमशीलतासँग जोड्न आवश्यक तालिम, व्यावसायिक सिपमूलक शिक्षा र प्रयोगात्मक अभ्यास (ईन्टर्नसिप) को व्यवस्था गरिने ।

२. छुवाछुत, दाईजो, जातीय तथा लैङ्गिक भेदभावको अन्त्य गर्न, अन्धविश्वास र कुसंस्कार जस्ता सामाजिक कुरीति हटाउँदै समाजको रुपान्तरणमा युवाहरुको भूमिका बढाउँदै लगिने।

३. विपद् तथा महामारी व्यवस्थापन, विकास निर्माण कार्य, सरसफाई तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिका लागि युवा स्वंयसेवकहरूको परिचालन नीति लिईने।

४. खेलकुद क्षेत्रको विकास, खेल पूर्वाधार निर्माण तथा खेलाडी उत्पादनको लागि व्यवस्थित गर्नको लागि आवश्यक दिर्घकालीन नीति निर्माण गरी अघि बढिने ।

५. अन्नपूर्ण गाउँपालिकाको प्रतिनिधित्व गर्दै जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा खेल खेल्ने खेलाडीहरूको सम्मानको लागि आवश्यक नीति तथा कार्यक्रम बनाई खेलाडीहरूको मनोवललाई उच्च बनाईने ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. अन्नपूर्ण गाउँपालिकाको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनीतिक योजना (२०७९/८०- २०८१/८२)लाई आवश्यकता अनुसार परिमार्जन गर्दै कार्यन्वयन गरिने।

२. महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक सुनिश्चित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरेर अघि बढिने ।

३. लैङ्गिक हिंसा तथा बालबालिका माथि हुने हिंसा विरुद्ध शुकन्य सहिष्णुताको नीति अपनाईने ।

४.पालिका अन्तर्गत कुनै पनि व्यक्तिवहरू हिंसामा नपरुन्/हिंसाबाट बचुन भन्नको खातिर निःशुल्क फोनकल नजिकको प्रहरी चौकी/ वडाध्यक्ष/महिला सदस्य/पालिका अध्यक्ष/उपाध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत/जेण्डर फोकल फर्सन/बाल कल्याण अधिकारीको उठ्ने व्यवस्था गरी दुरुस्त उद्धार गर्ने व्यवस्था गरिने ।

५. महिला उद्यमशीलता मार्फत स्वरोजगारी बढाउने कार्यक्रम तय गर्ने, श्रम गर्ने महिलाको समान ज्याला, घरेलु हिंसा तथा सामाजिक भेदभाव हटाउन कार्ययोजना ल्याईने ।

६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन गरी स्थानीय स्तरमा गर्न सकिने सहयोगको खाका तयार गरिने ।

७. स्थानीय पूर्वाधारलाई अपाङ्गता मैत्री बनाउँदै अशक्त व्यक्तिका लागि सहजरुपमा आधारभूत सेवा पुर्याउन व्यवस्था गरिने ।

८. आजका बालबालिका भोलिका कर्णधार र वर्तमानका साझेदार हुन् भन्ने यथार्थलाई आत्मसात गर्दै मिति २०८२ चैत्र मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गरिनेछ।सोका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने ।

९. अन्नपूर्ण गाउँपालिकालाई सडक बालबालिका तथा सडक मानव मुक्त बनाउन अनाथालय र मानव सेवाकेन्द्र निर्माण गर्ने तथा अशक्त तथा मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना

र व्यवस्थापनमा ध्यान दिइनेछ। यसको लागि गाउँपालिकामा सूचीकृत गैर सरकारी संस्थाहरूसँग सहकार्य गरिने ।

## ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. स्वास्थ्य, आयुर्वेद र योग-ब्यायाम सेवालाई गुणस्तरीय, सर्वसुलभ र स्थानीय गाउँबासीको पहुँचमा पुर्याइने।

२. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको जीवन रक्षाका लागि गण्डकी प्रदेश सरकारले निरन्तरता दिएको एयर लिफ्टिङ सेवा दिलाउन गाउँपालिकाले आकस्मिक कोष परिचालन साथै आवश्यक सहजीकरण र समन्वय गर्ने ।

३. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र सेवालय सहज र नियमित बनाइने ।

४. सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाईने।

५. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरूको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिने ।

६. विपन्न, दुर्घटनामा परेका वर्ष माथिका नागरिकलाई स्वास्थ जाँच र उपचारका लागि निजहरूलाई अस्पताल ल्याउन-लैजान निःशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिने।

७. अन्नपूर्ण गाउँपालिकाको स्वास्थ्य संस्थाहरूमा सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरू Birthing Center मा सुत्केरी नसकी बेनी बाग्लुङ पोखराका स्वास्थ्य संस्थाहरुमा अप्रेशन गर्नुपरेमा स्वास्थ्यकर्मी र वडा कार्यालयबाट सिफारिस भएका व्यक्तिहरूका लागि निशुल्क एकतर्फी एम्बुलेन्स सेवा उपलब्ध गराईने ।

८. अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिने ।

९. गाउँपालिका क्षेत्रभित्र हुने परम्परागत औषधिजन्य वनस्पतिको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरू सञ्चालन गरिने छ। साथै जडिबुटी खेती विस्तारका लागि तालिम सञ्चालन गरिने ।

१०. महिला स्वास्थ्य स्वयंसेविकाहरूको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरूको सेवालाई प्रभावकारी तुल्याइने।

११. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरूलाई निःशुल्क स्वास्थ्य सेवा दिने विषयमा आवश्यक प्रबन्ध गरिने ।

१२. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिने ।

१३. नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई घरघर पुर्याई सबै घर परिवारलाई स्वास्थ्य बिमा गर्न प्रोत्साहित गरिने ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः

### क) उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औद्योगिकग्राम निर्माणको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाईने।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइने ।

३. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइने।

४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाले निर्माण गरेको पर्यटन गुरुयोजनाका आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरू सञ्चालन गरिने ।साथै नर्थ अन्नपूर्ण आधारशिविर एकीकृत पर्यटन गुरुयोजना निर्माण गरी कार्यक्रमहरू सञ्चालन गरिने ।

५. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय स्थल तथा पदमार्गहरूको स्रोत नक्साङ्कन गर्ने कार्य अघि बढाईने ।

६. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरूमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले तथा सूचना पाटी राखिने।

७. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशरहरूको वितरण गरिने ।

८. पर्यटन प्रबर्द्धन लागि होमस्टे सञ्चालन र प्रोत्साहन, नयाँ पदमार्गहरूको निर्माण र प्रबर्द्धन गरिने ।

९. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरूका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/ नगरपालिकाहरूसँग भगिनी सम्बन्ध विस्तार गरिने ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. आलु र सुन्तला जातका फलफूलमा आत्मनिर्भर पालिका बनाईने ।

२. हाम्रो गाउँपालिकामा उत्पादन हुने फलफुल, तरकारी तथा अन्नबालीहरूको पकेट क्षेत्रहरू पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरूमा ब्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिने ।

३. रैथाने बालीहरूको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाईने । गाउँपालिका भित्र रासायानिक मल र किटनाशकको प्रयोग दुरुत्साहित गर्ने साथै प्राङ्गारिक मल तथा जैविक औषधि प्रयोगमा प्रोत्साहन गर्दै पालिकालाई अर्गानिक पालिकाको रुपमा स्थापित र परिचित गराईनेछ। प्राङ्गारिक खेती प्रबर्द्धन गरी गाउँपालिका भ्रमण गर्ने पर्यटकहरूलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइने।

४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवस्था गरिने ।

५. गाउँपालिका भित्रका कृषकहरूको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिने ।

६. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरूको पूर्वाधार गर्ने नीति लिइने।

७. कृषिको आधुनिकिकरण, बजारीकरणका लागि तालिम सञ्चालन गर्ने, यान्त्रिकीकरण गर्ने, कृषि एम्बुलेन्स सञ्चालन गरिने ।

८. अगुवा कृषक, ब्यवसायिक कृषक, कृषकलाई सम्मान तथा प्रोत्साहन गरी कृषिमा थप उत्पादन गर्नमा सहयोग पुर्याउन आधारित प्रोत्साहन कृषक सम्मान कार्यक्रम लागू गरिने।

९. बेमौसमी तरकारी उत्पादनका लागि आवश्यक ग्रिन हाउस, गुमोज, हाईटेक हाउसको निर्माण गरी बेमौसमी तरकारीमा आत्मनिर्भर गर्न प्लाष्टिक घर निर्माण कार्यक्रम लागू गरिने ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गर्न अनुगमन र नियमनलाई प्रभावकारी बनाईने ।

२. उत्पादनमूलक सहकारीहरूको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका आधार अनुदान दिने नीति लिइने ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरूको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित ढंगले अघि बढाइने ।

४. सहकारीहरूको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरूको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइने।

५. कृषि लगायत विषयगत सहकारीलाई सोही क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरिने ।

## ३. सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरूको सुदृढीकरण गर्दै सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकार सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरूको पहुँच बढाई खुल्ला सरकारको नीति लिइने।

२. स्थानीय टिभि च्यानेलसंगको सहकार्यमा गाउँपालिका भित्र भएका विकास निर्माण तथा पर्यटकीय स्थलहरुको प्रचार प्रचारको लागि टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिने ।

३. गाउँपालिका क्षेत्रभित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरूको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिने ।

४. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइने।

५. नागरीकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइने।

६. सार्वजनिक निजी साझेदारी मोडेल (PPP Model) मा सामुदायिक रेडियो, टेलिभिजन च्यानल सञ्चालनको नीति लिईने ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. जनतालाई न्याय दिलाउनु राज्यको कर्तव्य हो । यसै सन्दर्भमा न्याय पाउनको लागि आउने नागरिकहरूको न्याय निरुपणका लागि कानूनको अधिनमा रही काम गर्न सामुदायिक मेलमिलाप केन्द्र र न्यायिक समितीलाई सक्रिय बनाईने ।

२. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरु तथा दक्ष कर्मचारीको प्रबन्ध मिलाईने।

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिने ।

४. को हरा गर्ने, आधारभूत तालिम र पुनर्ताजगी तालिम दिई प्रारम्भिक न्याय प्रदान गर्ने केन्द्रको रुपमा सञ्चालन गरिने ।

५. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरूलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिने।

६. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने ।

**५. सुशासन तथा सेवा प्रवाहको नीति कार्यक्रम**

१. गाउँपालिका भित्रका नागरीकहरूको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागू गरिने।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडि बढाईने ।

३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिने ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिने ।

५. जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईने ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिने । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरू र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरू राखिने ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने ।

८. अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख एवं वडा सचिवसँग कार्य सम्पादन सम्झौता गरी कार्य गर्ने र कार्यसम्पादन मूल्याङ्कनलाई कार्य सम्पादन सम्झौताको परिपालनासंग आवद्ध गर्ने पद्धति कडाईकासाथ कार्यान्वयन गरिने छ।

९. जनशक्तीको मनोवल उच्च रहने गरी प्रोत्साहन गर्ने, अतिरिक्त कार्यचाप तथा कार्यबोझ अनुसार थप सुविधा दिने, सञ्चार तथा संवाद गर्नुपर्ने भूमिकामा रहेका कर्मचारीलाई सञ्चार सुविधा दिने, साथै दण्ड र पुरस्कार पद्धतिलाई वस्तुनिष्ट बनाइने ।

१०. कार्यसञ्चालन निर्देशिकाको पूर्ण पालना गरिनेछ साथै आन्तरिक नियन्त्रण प्रणाली कडाईका साथ कार्यान्वयन गरिने ।

११. विगत वर्षहरुमा झै आगामी बर्षमा पनि सहभागितात्मक रुपमा योजना तर्जुमा प्रकृया अवलम्वन गरी प्राथमिकता प्राप्त आयोजनाहरू संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा आवधिक योजनाले तोके बमोजिम कार्यन्वयन गर्दै लगिने ।

१२. आयोजना सञ्चालन गर्न आवश्यक ज्ञान सिप प्रदान गर्न हरेक आयोजनाको अध्यक्ष, सचिव र कोषाध्यक्षका साथै जनप्रतिनिधिहरूलाई अभिमुखीकरण कार्यक्रम गरिने।

१३. निजी, सामुदायीसँग सहलगानीमा योजना र कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

१४. कम लागतमा बढी प्रतिफल दिने, जनतासंग प्रत्यक्ष सरोकार राख्ने र युवालाई उत्पादन र रोजगार दिने योजनाहरूलाई प्राथमिकता दिइने ।

१५. गाँउपालिकामा प्राप्त हुने सबै प्रकारका सहयोगहरूको प्रभावकारी बितरणका लागि एकद्वार नीति अबलम्बन गरिने ।

१६. गाउँपालिकामार्फत खरिद गर्ने सम्पूर्ण खरिद प्रकृयालाई पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम सार्वजनिक खरिद गुरुयोजना/बार्षिक खरिद योजना निर्माण गरी खरिद गर्नुको साथै प्रयोगमा नआउने सामाग्रीहरूको लिलाम विक्रि गरिने ।

१७. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरूलाई समेत संलग्न गराइने ।

१८. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरूको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिने ।

१९. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरूको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरूको रोजगार तथा सेवाको सुरक्षा र निजहरूको हित प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ। वैदेशिक रोजगारीको श्रम स्वीकृती र पुनः स्वीकृतीको कार्यलाई अन्नपूर्ण गाउँपालिका, व्यवस्थित बनाईने ।

२०. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरू सञ्चालन गरिने ।

२१. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) निर्माण गरी प्रयोग ल्याईने ।

२२. कर्मचारी तथा जनप्रतिनिधिहरूको निर्जिवन विमा कम्पनीहरूमा स्वास्थ्य तथा दुर्घटना विमा गराउने नीति लिईने।

२३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरूसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य तर्जुमा गरिने ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. स्थानीय सरकार र सरकारको विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था सँगको सहकार्य र समन्वयमा नेपाल सरकारले तोक मापदण्ड बमोजिम स्वच्छ र सफा पिउने पानीको ब्यवस्था गर्न "एक घर एक धारा " को नीति अवलम्बन गरिने ।

२. सडक किनारा, नदि किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिने ।

३. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरूसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइने।

४. प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरूको प्रयोगलाई निरुत्साहित गरीने । साथै शुन्य पोलि अभियानलाई अगाडि बढाइने ।

४.गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरू निर्माण तथा सञ्चालननई अभियानका रुपमा अगाडी बढाइने।

## ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने, न्यून हरित ग्याँस उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिने ।

२. पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिने।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिने ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिने ।

५. भूसूचना प्रणालीको प्रयोग, उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिने।

६. गाउँपालिकाले निर्माण गरेको विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुसार विपद पूर्व तयार विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइने ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरूको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिने ।

८. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइने।

९. गाउँपालिकाको विपद् जोखिम नक्शाङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहर सञ्चालन गरिने ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, बस्ती विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, पुल पुलेसाहरू इत्यादी आवश्यकताका आवाज का सञ्जाल बिस्तार एबम् व्यवस्थापनको लागि अन्नपूर्ण गाउँपालिकाको यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने।

२. स्थानीय सार्बजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमनलाई प्रभावकारी ढमगबाट अगाडि बढाइने।

३. अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र योजनाबद्ध, वैज्ञानिक बस्ती बिकास गर्न र उत्थानशील भवन पूर्वाधार निर्माणका लागि भवन संहिता कार्यान्वयन, भवन निर्माणको नक्शा स्वीकृती, संशोधन र नियमनका लागि भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड र कार्यविधि लागू गरी कार्यान्वयन गरिने। यस भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड र कार्यविधि लागू हुनुभन्दा अघि निर्माण भैसकेका भवनहरुलाई अभिलेखीकरण गर्नका लागि अभिलेखीकरण कार्यविधि लागू गरिने ।

४. ठूला र बढी महत्वपूर्ण योजनाहरूको बिस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) र वातावरणीय अध्ययन प्रतिबेदनका आधारमा मात्रै कार्यान्वयन प्रक्रिया अगाडि बढाइने ।

५. योजनाबद्ध एवं ब्यबस्थित बस्ती बिकास र भू-उपयोगका लागि गाउँपालिकाको भू-उपयोग योजना ( land use Plan ) तयार गरी कार्यान्वयनमा ल्याइने।

६. फोहोरमैला व्यवस्थापनका लागि फोहोरको बर्गीकरण, सङ्कलन, पुनःउपयोग, प्रशोधन र बिसर्जनको योजना तयार गरी कार्यान्वयनमा ल्याइने।

७. हेभि इक्युपमेन्ट र उच्चकोटीको प्रविधिको प्रयोग नगरी स्थानीय स्रोत, साधन, श्रम र सीपको उपयोग गरेर सफल पार्न सकिने आयोजनाहरू मात्र उपभोक्ता समितिहरू वा लाभग्राहीहरूबाट कार्यान्वयन गरिने।

८. उपभोक्ता समितिहरू वा लाभग्राहीहरूबाट कार्यान्वयन गरिने आयोजनाहरूलाई दीगो, गुणस्तरीय र पारदर्शी बनाउनका लागि उपभोक्ता समितिहरू वा लाभग्राहीहरूको क्षमता अभिबृद्धिका लागि अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ। आयोजनाका उपभोक्ता समिति र आयोजनामा काम गर्ने श्रमिक जनशक्तिहरूलाई शारीरिक सुरक्षाका औजार र साधनहरू उपलब्ध गराइने व्यवस्था मिलाइने। आयोजनाका उपभोक्ता समिति र आयोजनामा काम गर्ने श्रमिक जनशक्तिहरूको सामुहिक दुर्घटना बिमाको समेत व्यवस्था मिलाइने ।

९. हेभि इक्युपमेन्ट र उच्च कोटीको अत्याधुनिक प्रविधिको प्रयोग हुने, अत्याधुनिक निर्माण सामाग्रीको प्रयोग हुने, कामका लागि बिशेष किसिमको दक्षता र अनुभवको आवश्यकता पर्ने सबै किसिमका निर्माण आयोजनाहरू प्रतिस्पर्धात्मक बोलपत्र आव्हान गरी योग्य निर्माण व्यवसायी छनौट गरी कार्यान्वयनमा लगिने।

१०. बिकास निर्माणका आयोजनाहरूको ठेक्का व्यवस्थापनलाई अझ बढी खुला, पारदर्शी, बस्तुनिष्ठ र विश्वसनीय बनाउन, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र बिश्वसनीयता हासिल गर्ने उद्देश्यले सबै प्रकारका ठेक्काहरूलाई बिधुतीय बोलपत्र आव्हान गरी बिद्युतीय शासन (E-GP)को प्रयोग मार्फत सुशासनको प्रत्याभूति दिलाइने ।

११. आयोजनाहरूको गुणस्तर सुनिश्चितताको लागि निर्माण सामाग्रीहरू र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाइने।

१२. आयोजनाहरूको नियमित अनुगमन र मुल्याङ्कनलाई थप प्रभावकारी र डिजिटल बनाउँदै लगिने ।

१३. अनलाइनबाटै आयोनाहरूको डिजाइन ड्रइङ्ग, लागत अनुमान, मूल्याङ्कन बिल र कार्यसम्पन्न प्रतिवेदन तयारी, चेकजाँच र स्वीकृत गर्ने सफ्टवयर निर्माण गरी पूर्वाधार विकास तथा भवन नियमन शाखालाई कागज रहित (पेपरलेस) शाखा बनाउन आवश्यक तयारी गरिने ।

१४. आयोजनाको सर्भे, डिजाइन ड्रइङ्ग, नाँपजाँच र गुणस्तर कायम गर्न आवश्यक श्रोत साधन, इक्युपमेन्ट, दरबन्दी अनुसारका जनशक्ति, क्षमता बिकासका प्राबिधिक तालिमहरू सञ्चालन गरी पूर्वाधार विकास तथा भवन नियमन शाखाको कार्यसम्पादनमा गतिशिलता र बिज्ञता अभिबृद्धि गरिने।

१५. मर्मत संभार कोष स्थापना गरी निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सबै आयोजनाहरूको मर्मत संभार गरिने।

१६. गाउँपालिकाका केही ठूला र गौरवका आयोजनाहरू निर्माण गर्न तथा महत्वपूर्ण पर्यटकीय स्थलहरूको दीगो संरक्षण, प्रबर्द्धन र विकासका लागि निजी क्षेत्रका लगानी कर्ताहरूलाई समेत विश्वासमा लिएर स्थानीय सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलमा प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रबन्ध मिलाइने।

१७. आवश्यक सबै किसिमका श्रोत र साधनहरूको प्रबन्ध गरेर यस गाउँपालिकाले तयार गरी स्वीकृत समेत गरिसकेको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH PLAN )को प्रभावकारी कार्यान्वयन गर्दै लगिने ।

१८. गाउँपालिका भित्रका सबै खानेपानी प्रणालीहरूमा खानेपानीको गुणस्तर परीक्षण गरिनेछ र गुणस्तरको मापदण्ड पूरा गरेको खानेपानी बितरणको सुनिश्चितता गरिने।

१९. खानेपानीका मुहानहरु संरक्षण गरिनेछ साथै मुहान दर्ताका लागि आवश्यक कानूनी प्रबन्ध मिलाइने।

२०. हाइड्रो हबका रुमपा परिचित यस गाउँपालिकामा जलविद्युतको उत्पादन, वितरण प्रणाली, सेवाको व्यवस्थापन र सञ्चालनमा आवश्य योजना तर्जुमा गरी सरोकारवाला पक्षहरूका बीचमा समन्वयकारी र नियमनकारी भूमिका खेलिने ।

२१. जलविद्युतको पहुँच नपुगेकाटोलबस्तीहरू र महत्वपूर्ण पर्यटकीय स्थलहरूमा विद्युतको पहुँच पुर्याइने ।

२२. कृषि उत्पादन वृद्धि गर्नका लागि स्थानीय तथा साना सिंचाइ प्रणालीहरुको निर्माण, संञ्चालन, मर्मत संभार तथा व्यवस्थापन लागि सिँचाइ सम्बन्धी गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने ।

२३. बिपद्को उच्च जोखिममा रहेको यस गाउँपालिका भित्रका जोखिमयुक्त क्षेत्रहरुको नक्साङ्कन, जोखिमपूर्ण बस्तीहरुको पहिचान स्थानान्तरणका लागि आवश्यक योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिने। यस गाउँपालिकाले तयार गरेको विपद् पूर्व तयारीर प्रतिकार्य योजना, जोखिम न्यूनीकरण योजना प्रभावकारी ढंगले कार्यान्वयन गरिने।

२४. यस गाउँपालिकामा स्थापना गरिएको आपतकालीन कार्यसञ्चालन केन्द्रमा आवश्यक स्रोत र साधनको ब्यबस्था गरी प्रभावका ढंगले कार्यान्वयन गरिने ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्ति तुल्याइने।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँट, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग समन्वय र साझेदारी गरिने।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइने। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरू बीच रहेको असमानता न्यूनिकरण गर्दै लगिने।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिने ।

५. वडा कार्यालयहरूसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरूको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिने ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन् गरी बिक्री गर्ने विधि अवलम्बन गरिने ।

७. करदाताहरूलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरूको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइने।
८. करदाताहरूको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरूलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइने ।
९.कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिने।

१०. अव्यवस्थित बसोबासीहरूलाई लगाउँदै आएको बहाल विटौरी करलाई निरन्तरता दिइने। घरको संरचना र प्रकृति अनुसार प्रगतिशिल पुनरावलोकन गरिने ।

**बजेटका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिम प्राथामिकता निर्धारणमा परेकाः**

क) कला, संस्कृतिको संरक्षण, प्रवर्द्धन गर्दै सबै प्रकारका विभेद र असमानताको अन्त्य गरी समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच,

ख) जैविक विविधता, वन तथा वातावरण संरक्षण, प्रभावकारी विपद् व्यवस्थापन

ग) सुशासन, पारदर्शिता, गूणस्तरीय सेवा प्रवाह र संस्थागत विकास,

घ) जनताको स्वास्थ्यमा पहुँच स्थापित गरी स्वास्थ्य सुनिश्चितता कायम,

ङ) शिक्षा, खानेपानी, स्थानीय सडक, ग्रामिण सडक, कृषि, सडक र सिचाँइ, झोलुङ्गे पुल निर्माण, सञ्चार कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु, स्वास्थ्य, सहकारी क्षेत्रको विकास ।

# परिच्छेद-४
# अनुसन्धनात्मक भाग

## ४.१ बृहत छलफल कार्यक्रमहरूको विवरण

अन्नपूर्ण गाउँपालिकाद्धारा गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरूको वडा नं ४ स्थित नारच्याङ्गमा सामाजिक परीक्षण विज्ञ समूह टिमलिडर महेन्द्र प्रसाद लामिछाने र विज्ञ जुनादेवी पुनले देहाय बमोजिमका जिज्ञासाहरू राख्नुभएको थियो भने उपस्थित सहभागीहरूले उत्तर दिनु भएको थियो ।





## ४.२ गत आर्थिक वर्षको यथार्थ आयव्ययको विवरण

कुल बजेटः रु. ५७ करोड ३८ लाख ८७ हजार ६ सय मध्ये

कुल खर्चः रु. ४४ करोड ७६ लाख ७५ हजार ४ सय ६० रुपैयाँ २७ पैसा (७८ प्रतिशत )

कुल पूँजिगत बजेटः रु. २० करोड ८९ लाख ९४ हजार मध्ये

पूँजिगत कुल खर्चः रु.१३ करोड ८० लाख ६६हजार ८ सय २६ रुपैयाँ ७८ पैसा (६६.०६ प्रतिशत)

कुल चालु बजेटः रु. ३६ करोड ४८ लाख ९३ हजार ६ सय मध्ये

कुल चालु खर्चः  रु. ३० करोड ९६ लाख ८ हजार ६ सय ३३ रुपैयाँ ४९ पैसा (८४.८५प्रतिशत)

समग्रमा आ. व. २०८०।८१ मा रु. ४४ करोड ७६ लाख ७५ हजार ४ सय ६० रुपैयाँ २७ पैसा अर्थात ७८ प्रतिशत यथार्थ वित्तीय प्रगति भएको देखिन्छ।

## ४.३ गत आ. व. २०८० /०८१ को योजनागत विवरण

**सेवा प्रवाह सम्बन्धीः**

सामाजिक सुरक्षा भत्ता वितरण कुल रकमः १० करोड ३५ लाख ९८ हजार ९ सय ३८ रुपैयाँ

**योजनागत विवरणः**

जम्मा योजनाः  १८५ वटा

सम्पन्न योजनाः  १७८ वटा

कार्यन्वयन नभएका योजनाः  ७ वटा

निर्माणाधिन क्रमागत आयोजनाहरुः ५ वटा

**तालिकाः वडागत रुपमा गत आ. व. २०८० /०८१ को योजना विवरणः**

| क्र.स. | वडा नं | उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजना | ठेक्काबाट कार्यान्वयन भएका योजना | सम्पन्न भएका योजना | कार्यन्वयन नभएका योजना | जम्मा |
|---|---|---|---|---|---|---|
| कार्यालय तर्फबाट | | ९ | ७ | १६ | ७ | २३ |
| १. | १ | १० | ३ | १३ | ० | १३ |
| २. | २ | १५ | ० | १५ | ० | १५ |
| ३. | ३ | १५ | २ | १७ | ० | १७ |
| ४. | ४ | १९ | ३ | २२ | ० | २२ |
| ५. | ५ | २३ | २ | २५ | ० | २५ |
| ६. | ६ | ३३ | १ | ३४ | ० | ३४ |
| ७. | ७ | १७ | १ | १८ | ० | १८ |
| ८. | ८. | १७ | १ | १८ | ० | १८ |
| | जम्मा | १५८ | २० | १७८ | ७ | १८५ |

## ४.४ योजना तथा कार्यक्रमहरूको वृस्तीत विवरण

गत आ. व. २०८० /०८१ को योजना तथा कार्यक्रमहरूको वृस्तीत विवरण यसप्रकार छः

**आयोजना –१**

योजनाको नामः वडा कार्यलय शौचालय निर्माण

आयोजना स्थानः अन्नपूर्ण वडा नं. १

उद्धेश्यः वडा कार्यलयमा शौचालय निर्माण गर्ने

अध्यक्षः क्षेत्र बहादुर गर्बुजा

कोषाध्यक्षः तारा देवि पुर्जा

सचिवः दुर्ग बहादुर पुर्जा

सदस्यहरुः ड माया पुन, धिरेन्द्र गर्बुजा, दुध प्रसाद गर्बुजा, मनु पुर्जा

लाभान्वीत जनसंख्याः १०० जना

लागत अनुमानः रु. ४,४६,५६१.३५

  क. कार्यालयबाट भुक्तानी रकमः रु.३,२०,०००.००

  ख. उपभोक्ताबाट श्रमदानः रु.४६,५६१.३५

ग. अनुदान रकमः रु.४,००,०००.००

वित्तीय प्रगति प्रतिशतः ७१.६६

योजनाको शुरु मितिः २०८०/०९/११

योजना सम्पन्न मितिः २०८०/११/११

सञ्चालनः उपभोक्ता मार्फत

योजनाबाट प्राप्त उपलब्धीः वडा कार्यलयमा व्यवस्थित शौचालयको सुविधा भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः श्रमदान जुटाउन समस्या।

**आयोजना –२**

योजनाको नामः लामचुका गोरेटो बाटो तथा रेलिङ निर्माण आयोजना

आयोजना स्थानः वडा नं. १

उद्धेश्यः लामचुका गोरेटो बाटो तथा रेलिङ निर्माण गर्ने

अध्यक्षः  डम बहादुर पुर्जा

सचिवः योगेन पुर्जा

सदस्यहरुः गुन बहादुर पुर्जा, रन बहादुर पुन, रिता गर्बुजा, मेलिना अर्मजा

लाभान्वीत जनसंख्याः ८५ जना

लागत अनुमानः रु. १२,२५,१६०४।००

क. कार्यालयबाट भुक्तानी रकमः रु. ८,८०,०००।००

ख. उपभोक्ताबाट श्रमदानः रु.१,२५,१६०।०४

ग. अनुदान रकमः रु.११,००,०००।००

वित्तीय प्रगति प्रतिशतः ७१.८३

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/११

योजना सम्पन्न मितिः २०८०/१२/१५

योजनाबाट प्राप्त उपलब्धीः लामचुका गोरेटो बाटो रेलिङ सहित निर्माण भएकोले पैदल यात्रीलाई सहज भएको ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः ठिक समयमा निर्माण सामाग्री र कामदारको यवस्थापन गर्नमा समस्या ।

**आयोजना –३**

**योजनाको नामः भुमेथान रेलिङ तथा सिडि निर्माण आयोजना**

आयोजना स्थानः वडा नं. १

उद्धेश्यः भुमेथान रेलिङ तथा सिडि निर्माण गर्ने

अध्यक्षः हिमाल राम्जाली

कोषाध्यक्षः जुना पुर्जा

सचिवः अम कुमार पुन

सदस्यहरुः सन्तोष राम्जाली, खमाया गर्बुजा, दिल कुमारी गर्बुजा, केशर हिराचन

लाभान्वीत जनसंख्याः २०० जना

लागत अनुमानः रु.५,५९,६८५.७०

क. कार्यालयबाट भूक्तानी रकमः रु.७,५०,३७२.७०

ख. उपभोक्ताबाट श्रमदानः रु.५९,६८५.७०

ग. अनुदान रकमः रु. ५,००,०००. ००

वित्तीय प्रगति प्रतिशतः ७१.४७%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/११

योजना सम्पन्न मितिः २०८०/१०/१२

योजनाबाट प्राप्त उपलब्धीः भुमेथानमा रेलिङ सहित सिडि निर्माण हुँदा पैदल यात्रीलाई सहज भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुःश्रमदान जुटाउनमा समस्या परेको ।

**आयोजना –४**

योजनाको नामः बराहथान गोरेटो बाटो मर्मत आयोजना

आयोजना स्थानः वडा नं. २

उद्धेश्यः बराहथान गोरेटो बाटो मर्मत गर्ने

अध्यक्षः बुद्धिमान गर्बुजा

कोषाध्यक्षः छ माया तिलिजा

सचिवः याम बहादुर फगामी

सदस्यहरुः पूर्ण बहादुर थापा, भक्त बहादुर वि.क., देउमाया पुर्जा, सुक माया सेर्बुजा

लाभान्वीत जनसंख्याः ३००जना

लागत अनुमानः रु. १,११,१९१.६२

क. कार्यालयबाट भुक्तानी रकमः रु. ९६,३९९.५३

ख. उपभोक्ताबाट श्रमदानः रु. ११,१९१.६२

ग. अनुदान रकमः रु. १,००,०००.००

वित्तीय प्रगति प्रतिशतः ८६.७०%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०५/०२

योजना सम्पन्न मितिः २०८०/०६/०५

योजनाबाट प्राप्त उपलब्धीः बराहथान गोरेटो बाटो मर्मत भएको

**आयोजना –५**

योजनाको नामः कटौंजे मोटर बाटो स्तरउन्नती आयोजना

आयोजना स्थानः वडा नं.२

उद्धेश्यः कटौंजे मोटर बाटो स्तरउन्नती गर्ने

अध्यक्षः गुन बहादुर राम्जाली

कोषाध्यक्षः पार्वती शेरपुजा

सचिवः दिपेश फगामी

सदस्यहरुः हाई माया पुन, कृष्ण बहादुर शेरपुजा, टंक पुर्जा, मैना राम्जाली

लाभान्वीत जनसंख्याः१९५ जना

लागत अनुमानः रु. ७,७७,८०६.०१

क. कार्यालय भुक्तानी रकमः रु. ७,००,०००.००

ख. उपभोक्ताबाट श्रमदानः रु. ७७,८०६.०१

ग. अनुदान रकमः रु . ७,००,०००.००

वित्तीय प्रगति प्रतिशतः ९०.००%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/१०/२८

योजना सम्पन्न मितिः२०८०/१२/२७

योजनाबाट प्राप्त उपलब्धीः कटौंजे मोटर बाटो स्तरउन्नती भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुःनिर्माण सामाग्री ठिक समयमा उपलव्ध नहुनु ।

**आयोजना –६**

योजनाको नामः गाडापानी देउराली गेट निर्माण तथा बस्ती घेराबार निर्माण आयोजना

आयोजना स्थानः वडा नं २

उद्धेश्यः गाडापानी देउराली गेट निर्माण तथा बस्ती घेराबार निर्माण गर्ने

अध्यक्षः जकु पाइजा

कोषाध्यक्षः विष्णु फगामी

सचिवः अमर फगानी

सदस्यहरूः नरुमाया फगामी, गोबिन्द पुर्जा, नरदेवी फगामी, राम माया गर्बुजा

लाभान्वीत जनसंख्याः २३० जना

लागत अनुमानः रु.४,४४,८५७.०१

क. कार्यालयबाटः रु.३,२०,०००.००

ख. उपभोक्ताबाट श्रमदानः रु. ४४,८५७.०१

ग. अनुदान रकमः रु. ४००.०००,००,

वित्तीय प्रगति प्रतिशतः ७१.९३%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/१६

योजना सम्पन्न मितिः २०८०/१२/०५

योजनाबाट प्राप्त उपलब्धीः गाडापानी देउराली गेट निर्माण तथा बस्ती घेराबार निर्माण भएको

**आयोजना –७**

योजनाको नामः  डाडाँगाउँ मोटरबाटो ढलान आयोजना

आयोजना स्थानः वडा नं. ३

उद्धेश्यः डाडाँगाउँ मोटरबाटो ढलान गर्ने

अध्यक्षः बिमल बि क

कोषाध्यक्षः सपना वि क

सचिवः बिसन वि क

सदस्यहरुः बिशाल वि.क., कमला वि.क., सबिता वि. क., शान्ती वि.क.

लाभान्वीत जनसंख्याः १८० जना

लागत अनुमानः रु.४,४६,३८२.६९

क. कार्यालय भुक्तानी रकमः रु.३,२०,०००.००

ख. उपभोक्ताबाट श्रमदानः रु.४६,३८२.६९

ग. अनुदान रकमः रु.४०००००.००

वित्तीय प्रगति प्रतिशतः ७१.६९%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/१३

योजना सम्पन्न मितिः २०८०/२०/११

योजनाबाट प्राप्त उपलब्धीः डाडाँगाउँ मोटरबाटो ढलान भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः उपभोक्ताबाट श्रमदान जुटाउन ।

**आयोजना –८**

**योजनाको नामः दाना युवा क्लवको ग्राउण्ड तारबार निर्माण**

आयोजना स्थानः वडा नं.३

उद्धेश्यः दाना युवा क्लवको ग्राउण्ड तारबार गर्ने

अध्यक्षः भिम लाल बुढाथोकी

कोषाध्यक्षः शर्मिला थापा

सचिवः देउबहादुर पुर्जा

सदस्यहरुः दिपा पुन, टुक माया पाइजा, सुबिना थापा, बिजय पुन

लाभान्वीत जनसंख्याः३५० जना

लागत अनुमानः रु.३,३३,९२५. ८१

क. कार्यालयबाट भुक्तानी रकमः रु.२,४०,०००.००

ख. उपभोक्ताबाट श्रमदानः रु.३३,९२५. ८१

ग. अनुदान रकमः रु.३०००००.००

वित्तीय प्रगति प्रतिशतः ७१.८७%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०८/२६

योजना सम्पन्न मितिः २०८०/०९/२२

योजनाबाट प्राप्त उपलब्धीः दाना युवा क्लवको ग्राउण्ड तारबार निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः तारजालीको उपलव्धता ढीलो हुनु ।

**आयोजना –९**

योजनाको नामः स्वास्थ्य चौकी मर्मत तथा प्रतिक्षालय निर्माण रंग रोगन आयोजना

आयोजना स्थानः वडा नं. ४

उद्धेश्यः स्वास्थ्य चौकी मर्मत तथा प्रतिक्षालय निर्माण रंग रोगन गर्ने

अध्यक्षः इन्द्र काजी फगामी

कोषाध्यक्षः दीपा फगामी

सचिवः तारा देवी सन्तिजा

सदस्यहरुः गौ श्री गर्बुजा, हुकुम बहादुर थजाली, शिव चन्द्र पाइजा, खिम बहादुर पाइजा

लाभान्वीत जनसंख्याः १७०जना

लागत अनुमानः रु.६,४८,९७७.१९

क. कार्यालयबाट भुक्तानी रकमः रु.४,५६,३९०. ४०

ख. उपभोक्ताबाट श्रमदानः रु.६८,९७७. १९

ग. अनुदान रकमः रु.५,८०,०००.००

वित्तीय प्रगति प्रतिशतः ७०.३२%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०८/२५

योजना सम्पन्न मितिः २०८०/१०/२०

योजनाबाट प्राप्त उपलब्धीः स्वास्थ्य चौकी मर्मत तथा प्रतिक्षालय निर्माण र रंग रोगन भएको ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः स्वास्थ्य चौकी मर्मत तथा प्रतिक्षालय निर्माण र रंग रोगन कार्यको लागि दक्ष कामदारको अभाव हुनु।

**आयोजना –१०**

योजनाको नामः भारानी थान गोरेटो बाटो निर्माण

आयोजना स्थानः वडा नं .४

उद्धेश्यः भारानी थान गोरेटो बाटो निर्माण गर्ने

अध्यक्षः प्रेम बहादुर गर्बुजा

कोषाध्यक्षः चिना चोचाङगे

सचिवः लाल बहादुर चोचाङगे

सदस्यहरुः सलिना पुर्जा तिलिजा, अमृता गर्बुजा तिलिजा, गम बहादुर बुढाथोकी, उदय बहादुर सन्तोजा

लाभान्वीत जनसंख्याः२००जना

लागत अनुमानः रु.३,३४,१४१. ४१

क. कार्यालय भुक्तानी रकमः रु.३,००,०००. ००

ख. उपभोक्ताबाट श्रमदानः रु.३४,१४१. ४१

ग. अनुदान रकमः रु .३,००,०००.००

वित्तीय प्रगति प्रतिशतः ८९.७८%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/१०/१८

योजना सम्पन्न मितिः २०८०/११/६

योजनाबाट प्राप्त उपलब्धीः भारानी थान गोरेटो बाटो निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः

**आयोजना –११**

योजनाको नामः पर्यटन पूर्वाधार निर्माण खोप्रा खयर बराही ताल क्षेत्र

आयोजना स्थानः वडा नं. ५

उद्धेश्यः खोप्रा खयर बराही ताल क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण गर्ने

अध्यक्षः हरी प्रसाद तिलिजा

कोषाध्यक्षः भगवती पाइजा

सचिवः तुलमान राना

सदस्यहरुः भविन पाइजा पुन, धन बहादुर पाइजा पुन, बागमती तिलिजा, डम माया पुन

लाभान्वीत जनसंख्याः  ३००  जना

लागत अनुमानः रु. २६,६९,८४५. ५०

क. कार्यालय भुक्तानी रकमः रु. ५,०२,०६५.५५

ख. उपभोक्ताबाट श्रमदानः रु. २,६९,८४५.५०

ग. अनुदान रकमः रु ९,००,०००.००

वित्तीय प्रगति प्रतिशतः१८ .८१%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०८/०७

योजना सम्पन्न मितिः २०८१/०१/१४

योजनाबाट प्राप्त उपलब्धीः खोप्रा खयर बराही ताल क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः  श्रमदान जुटाउन समस्या परेको ।

**आयोजना –१२**

योजनाको नामः शिख मा वि पुर्वाधार निर्माण

आयोजना स्थानः वडा नं.५

उद्धेश्यः शिख मा वि पुर्वाधार निर्माण गर्ने

अध्यक्षः बागबिर पाइजा

सदस्यहरुः राजेश तिलिजा, जुना खाती, प्रेम पाइजा, दिना तिलिजा, कुमारी खाती, सोम बहादुर पुन, खेम बहादुर पाइजा, केदार बहादुर कार्की

लाभान्वीत जनसंख्याः २५०जना

लागत अनुमानः रु. ४,५२,२०१. ८७

क. कार्यालयबाट भुक्तानी रकमः रु. ३,२०,०००.००

ख. उपभोक्ताबाट श्रमदानः रु.  ५२,२०१. ८७.

ग. अनुदान रकमः रु . ४,००,०००.००

वित्तीय प्रगति प्रतिशतः ७० .७६%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०८/१९

योजना सम्पन्न मितिः २०८०/११/०४

योजनाबाट प्राप्त उपलब्धीः शिख मा वि पुर्वाधार निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः दक्ष कामदार र श्रमदान जुटाउन।

## आयोजना –१३

योजनाको नामः न्यु कान्छी बराही युवा क्लव पुर्वाधार निर्माण

आयोजना स्थानः वडा नं. ५

उद्धेश्यः न्यु कान्छी बराही युवा क्लवको पुर्वाधार निर्माण गर्ने

अध्यक्षः जित बहादुर पाइजा

कोषाध्यक्षः नरिता गर्बुजा पुन

सचिवः तिलक तिलिजा

सदस्यहरुः चौ देवि पुन, तेज बहादुर पाइजा, उमेश पाइजा, धन कुमारी तिलिजा

लाभान्वीत जनसंख्याः २००जना

लागत अनुमानः रु.२,८४,०६४. २१

  क. कार्यालयबाट भुक्तानी रकमः रु.२,४७,३६१. ५८

  ख. उपभोक्ताबाट श्रमदानः रु.३४,०६४. २१

  ग. अनुदान रकमः रु, २००.०००,५०,

वित्तीय प्रगति प्रतिशतः ८७. ०८%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/१२/१४

योजना सम्पन्न मितिः २०८०/०१/०४

योजनाबाट प्राप्त उपलब्धीः न्यु कान्छी बराही युवा क्लव पुर्वाधार निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः कामदार र श्रमदान जुटाउन।

**आयोजना –१४**

योजनाको नामः खत्रीको खेतदेखि आलसम्म पैदल बाटो निर्माण

आयोजना स्थानः वडा नं. ६

उद्धेश्यः खत्रीको खेतदेखि आलसम्म पैदल बाटो निर्माण गर्ने

अध्यक्षः सुसिल परियार

कोषाध्यक्षः सरस्वती दमाइ

सचिवः  सुकराम नेपाली

सदस्यहरूः दिपक दर्जी, मिठु दमिनी, बसन्त परियार, राम बहादुर दमै, विष्णु दमाइ, जुनकेरी पिरयार

लाभान्वीत जनसंख्याः २६० जना

लागत अनुमानः रु. २,२४,२२६. ०६

क. कार्यालयबाट भुक्तानी रकमः रु.२,००,०००.००

ख. उपभोक्ताबाट श्रमदानः रु.२४,२२६.०६

ग. अनुदान रकमः रु.२,००,०००. ००

वित्तीय प्रगति प्रतिशतः ८९ .२०%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०५/२२

योजना सम्पन्न मितिः २०८०/०६/२४

योजनाबाट प्राप्त उपलब्धीः खत्रीको खेतदेखि आलसम्म पैदल बाटो निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः

**आयोजना –१५**

योजनाको नामः मालिका आमा समूह भवन निर्माण

आयोजना स्थानः वडा नं. ६

उद्धेश्यः मालिका आमा समूहको भवन निर्माण गर्ने

अध्यक्षः मनिता खड्का बरुवाल

कोषाध्यक्षः सपना बरुवाल क्षेत्री

सचिवः उजेली खड्का बरुवाल

सदस्यहरुः देवि बरुवाल, कमला बरुवाल, नानीमाया बरुवाल, सरिता खड्का

लाभान्वीत जनसंख्याः ६०जना

लागत अनुमानः रु. ४,४६,९४१.६१

क. कार्यालयबाट भुक्तानी रकमः रु.३,२०,०००. ००

ख. उपभोक्ताबाट श्रमदानः रु. ४६,९४१.६१

ग. अनुदान रकमः रु .४,००,०००.००

वित्तीय प्रगति प्रतिशतः ७१. ६०%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०५/२४

योजना सम्पन्न मितिः २०८०/०९/२३

योजनाबाट प्राप्त उपलब्धीः मालिका आमा समूहको भवन निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुःखासै समस्या नपरेको।

**आयोजना –१६**

योजनाको नामः टिकोट गोरेटो बाटो निर्माण

आयोजना स्थानः वडा नं. ७

उद्धेश्यः टिकोट गोरेटो बाटो निर्माण गर्ने

अध्यक्षः राज पुन

कोषाध्यक्षः सुनिता गर्बुजा पाइजा

सचिवः दिपक पुन

सदस्यहरुः डिल माया पुर्जा, सजिना सुनार, हिमेश पाइजा, गिता पुर्जा पाइजा

लाभान्वीत जनसंख्याः१५०जना

लागत अनुमानः रु. १२,२३,१४७. ०७

क. कार्यालयबाटल भुक्तानी रकमः रु. ८,८०,०००. ००

ख. उपभोक्ताबाट श्रमदानः रु. १,२३,१४७. ०७

ग. अनुदान रकमः रु .११००,०००.००

वित्तीय प्रगति प्रतिशतः ७१. ९५%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/०४

योजना सम्पन्न मितिः२०८१/०२/०३

योजनाबाट प्राप्त उपलब्धीः टिकोट गोरेटो बाटो निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुःखासैत्यस्तो समस्या नपरेको।

**आयोजना –१७**

योजनाको नामः रिमा गोरेटो बाटो निर्माण

आयोजना स्थानः वडा नं. ७

उद्धेश्यः रिमा गोरेटो बाटो निर्माण गर्ने

अध्यक्षः सुमन पुर्जा पुन

कोषाध्यक्षः नरीमाया पुन

सचिवः  पुस्कल पुर्जा

सदस्यहरुः लाल बहादुर गर्बुजा, हाईमती पुर्जा, किरण पुन, दुर्गा पुन

लाभान्वीत जनसंख्याः३००जना

लागत अनुमानः रु. ८,३४,८०३. २५

क. कार्यालयबाट भुक्तानी रकमः रु. ६,००,०००. ००

ख. उपभोक्ताबाट श्रमदानः रु. ८४,८०३. २५

ग. अनुदान रकमः रु.  ७००.०००,५०,

वित्तीय प्रगति प्रतिशतः ७१ .८७.%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/०४

योजना सम्पन्न मितिः २०८०/१२/२५

योजनाबाट प्राप्त उपलब्धीः रिमा गोरेटो बाटो निर्माण सम्पन्न भएको

**आयोजना –१८**

योजनाको नामः थवान खानेपानी निर्माण

आयोजना स्थानः वडा नं. ७

उद्धेश्यः थवान खानेपानी निर्माण गर्ने

अध्यक्षः रिम बहादुर पुर्जा

कोषाध्यक्षः सुनमाया पाइजा

सचिवः प्रेमभिरे तिलिजा

सदस्यहरुः नाम बहादुर पुर्जा, शिव बहादुर गर्बुजा, रिम कुमारी पुर्जा, पकमति पुर्जा

लाभान्वीत जनसंख्याः९५जना

लागत अनुमानः रु.१,९६,०९६. ०१

  क. कार्यालयबाट भुक्तानी रकमः रु. १,७५,०००. ००

  ख. उपभोक्ताबाट श्रमदानः रु. २१,०९६.०१

  ग. अनुदान रकमः रु.१००.०००,७५,

वित्तीय प्रगति प्रतिशतः ८९ .२४%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/०४

योजना सम्पन्न मितिः २०८०/११/०५

योजनाबाट प्राप्त उपलब्धीः थवान खानेपानी निर्माण  भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः दक्ष कामदार पाउनमा समस्या परेको ।

**आयोजना –१९**

योजनाको नामः देउराली आ वि भवन निर्माण

आयोजना स्थानः वडा नं. ८

उद्धेश्यः देउराली आ वि भवन निर्माण गर्ने

अध्यक्षः फास बहादुर गर्बुजा

सचिवः  करुणा गर्बुजा

सदस्यहरुः डील कुमारी गर्बुजा, राज कुमार गर्बुजा, गोपाल गर्बजा, टल बहादुर गर्बुजा

लाभान्वीत जनसंख्याः२००जना

लागत अनुमानः रु.३,३४,४९८. १४

  क. कार्यालयबाट भुक्तानी रकमः रु.३,००,००० . ००

  ख. उपभोक्ताबाट श्रमदानः रु. ३४,४९८. १४

ग. अनुदान रकमः रु.  ३००.०००,००,

वित्तीय प्रगति प्रतिशतः ७२. ६९%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०९/०२

योजना सम्पन्न मितिः २०८०/१०/०९

योजनाबाट प्राप्त उपलब्धीः देउराली आ वि भवन निर्माण भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः रकमको साथै श्रमदान जुटाउन ।

**आयोजना –२०**

योजनाको नामः काफलडाडा करबाकेली प्रौढ समूह भवन मर्मत

आयोजना स्थानः वडा नं. ८

उद्धेश्यः काफलडाडा करबाकेली प्रौढ समूह भवन मर्मत गर्ने

अध्यक्षः गम  बहादुर पुर्जा

कोषाध्यक्षः बेङ कुमारी पाईजा

सचिवः  जस बहादुर गर्बुजा पुन

सदस्यहरुः तुल माया पुर्जा, कमला पुर्जा, हिम बहादुर पुर्जा, गमबीर पुर्जा

लाभान्वीत जनसंख्याः१६५जना

लागत अनुमानः रु.२,२२,३४६. ४२

  क. कार्यालयबाट भुक्तानी रकमः रु.२,००,०००. ००

  ख. उपभोक्ताबाट श्रमदानः रु. २२,३४६. ४२

ग. अनुदान रकमः रु .२,००,०००. ००

वित्तीय प्रगति प्रतिशतः ८९ .९५%

सञ्चालनः उपभोक्ता मार्फत

योजनाको शुरु मितिः २०८०/०७/१२

योजना सम्पन्न मितिः २०८०/१०/०१

योजनाबाट प्राप्त उपलब्धीः काफलडाडा करबाकेली प्रौढ समूह भवन मर्मत भएको

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउन ।

## ४.५ सम्पादित मुख्य मुख्य कार्यहरू

- मानव अधिकार सम्बन्धी अन्तर्किया कार्यक्रम सञ्चालन
- सहिद परिवार सम्मान तथा द्वन्द पीडितसँग अन्तर्किया कार्यक्रम सञ्चालन
- नियमित रुपमा बजार अनुगमन
- सहकारी संस्थाका कर्मचारीहरुलाइ कोपोमिस सम्बन्धी तीन दिने तालिम सञ्चालन
- सहकारी संस्थाका लेखा समितिका पदाधिकारी र कर्मचारीहरूलाई २ दिने सहकारी लेखा तथा वित्तीय व्यबस्थापन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन
- पारित ऐन, कानून तथा कार्यविधि संख्या (सालबसाली ऐन र संसोधन सहित) – २७ वटा
- सार्वजनिक सुनुवाई कार्यक्रम -२ पटक
- आ.व. २०८० /८१ को स्थानीय आर्थिक सर्वेक्षण प्रकाशन
- सामाजिक सुरक्षा भत्ता वितरण, विद्युतीय प्रणाली सुरुवात
- मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक प्रगति प्रतिवेदन बनाई वेवसाईट मार्फत प्रकाशन
- त्रैमासिक स्वतः प्रकाशन
- आधारभूत र माध्यमिक तहका शिक्षकहरूको लागि २ दिने स्तरयुक्त प्रश्नपत्रसहितको Question Bank निर्माण कार्यशाला सम्पन्न
- स्थानीय पाठ्यक्रम (कक्षा ६-८) र पाठ्यपुस्तक (कक्षा २-८) निर्माण

- बुक कर्नर र लाइब्रेरी ब्यवस्थापन सम्बन्धी तालिम तथा प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ कुना (Learning Corner ) निर्माणका लागि शैक्षिक सामाग्री वितरण कार्यक्रम
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र विद्यालय PT (Physical Training) कार्यक्रमका लागि ५ दिने विद्यालयगत प्रशिक्षक तयारी तालिम
- विद्यालयका शिक्षक र विद्यार्थीहरूको लागि विपद उत्थानशिलता सम्बन्धी ३ दिने प्रवोधीकरण तालिम
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन र ब्यवस्थापन (गाउँपालिकास्तर र जिल्लास्तर) सचेतनामूलक (बालबालिका, युवा तथा किशोरीकिशोरी) र अभिभावक शिक्षा कार्यक्रम
- सहभागीतामुलक नमुना युवा संसद कार्यक्रम
- हाम्रो विद्यालय राम्रो विद्यालय अभियान अन्तर्गत अध्यक्षसँग विद्यार्थीहरूको भेटघाट कार्यक्रम
- SEE परीक्षामा ३.६ वा सो भन्दा माथिGPA प्राप्त गर्ने विद्यार्थीहरूलाई कक्षा ११-१२ मा अध्ययन छात्रवृत्ती ।
- टनेल घर निर्माण कार्यक्रम, तरकारी बिउ उत्पादन कार्यक्रम, साना सिँचाई कार्यक्रम, च्याउ घर निर्माण कार्यक्रम, कृषि आधुनिकीकरणका लागि मेशिनरी उपकरण सहयोग कार्यक्रम, उत्पादनमा आधारित प्रोत्साहन कृषक कार्यक्रम, बाली परीक्षण शिविर कार्यक्रम
- आलुबाली पकेट विकास कार्यक्रमको निरन्तरता, सुन्तलाजातका फलफूल पकेट विकास कार्यक्रमको निरन्तरता, प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम, किसान सूचिकरण कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, फलफूल क्षेत्र विस्तार कार्यक्रम कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम
- ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि न्यानो कपडा वितरण,
- नेतृत्व तथा उद्घोषण तालिम, अपाङ्गता परिचय पत्र शिविर
- बाल विवाह, कुरीति कुप्रथा, लागुपदार्थ दुर्व्यसनी सम्बन्धि जनचेतनामूलक/नाटक / अभिमुखिकरण, ट्राफिक सचेतना कार्यक्रम
- बालक्लब र बाल संजालका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम र बालमैत्री स्थानीय तहको प्रारुप अनुसारका सूचक पूर्तिका लागि आवश्यक कार्यक्रम

- लैङ्गिक हिंसा तथा यौनजन्य हिंसा न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- विपन्न, एकल, दलित, अपाङ्गता भएका व्यक्तिहरू (विशेषगरी ग र घ वर्गका,महिलाहरु) का लागि ढाका /गादा /बुन्ने तालिम (३० दिने)
- अपाङ्गताका विविध कार्यक्रम, दलित, पिछडिएका समुदायहरूका लागि विविध कार्यक्रमहरू
- विभिन्न दिवसहरू मनाइएको ।
- मौसमी बेमौसमी तरकारी खेती तालिम सम्पन्न
- होमस्टे तालिम सम्पन्न
- मिनिटिलर मर्मत तालिम सम्पन्न
- जडिबुटी पहिचान नर्सरी प्रविधि र बजारीकरण तालिम सम्पन्न
- ट्रेकिङ गाइड तालिम सम्पन्न
- व्युटीपार्लर सिप विकास तालिम सम्पन्न
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, जेष्ट नागरिकको लागि स्वास्थ्यवर्द्धक सेवा
- कार्यक्रम, नागरिक आरोग्य कार्यक्रम
- पूर्ण खोप पालिका घोषणा कार्यक्रम
- स्वास्थ्यकर्मीहरूलाई कम्प्यूटर सम्बन्धि आधारभूत तालिम , कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य चौकी इन्चार्जहरूको नमुना स्वास्थ्य चौकी भ्रमण
- स्वास्थ्य चौकीका ईन्चार्जजहरूलाई मोबाइल सेट र पालिकाको नामको सिमकार्ड खरिद तथा वितरण
- गर्भवतीहरूलाई अण्डा र सुत्केरीलाई भाले तथा पोषण कार्यक्रम
- कृषि सामग्रीको बजारीकरणको लागि कृषि एम्बुलेन्स खरिद
- अन्नपूर्ण आधारशिविर एकीकृत गुरुयोजना
- पर्यटकीय क्षेत्र नक्साङ्कन
- फोहोरमैला संकलन केन्द्रको आइ इ इ र डिपिआर
- भू-उपयोग योजना तर्जुमा
- हिस्तान-राम्चे-घार-शिख दोवा र भूरुङ्ग तातोपानीमा ८६ किमी सडक डिपीआर

# परिच्छेद-५

## सामाजिक परीक्षणका निष्कर्षहरू

अन्नपूर्ण गाउँपालिका म्याग्दीले आफ्नो गाउँपालिकाद्वारा अघिल्लो आ. व. २०८०/८१ मा सम्पादित योजना तथा कार्यक्रमहरुको सामाजिक परीक्षण गर्ने व्यवस्था भए अनुसार अध्ययन तथा अवलोकन गर्ने काम सम्पन्न भएको छ । हामीले अध्ययन तथा अवलोकन गरेका योजनाहरु सम्पन्नताको प्रकृतिलाई हेर्दा योजनाहरु विधिवत ढंगले सम्पन्न भएको पाइयो । हामीले सामाजिक परीक्षणको सन्दर्भमा वडास्तरमा निर्वाचित जनप्रतिनिधिहरु, सम्बन्धित योजनाका उपभोक्ताहरु, उपभोक्ता समितिका पदाधिकारीहरु र गाउँपालिकास्तरमा गाउँपालिकाका अध्यक्षज्यूको अध्यक्षतामा जनप्रतिनिधिहरु, कर्मचारीहरु र गैससका प्रतिनिधिहरु सहित भेलाको आयोजना गरि अन्तरक्रियात्मक छलफलद्धारा राय लिने प्रयास गरेका थियौं । भेलामा प्राप्त राय सुझाव तथा जिज्ञासाहरुलाई टिपोट गरी प्रतिवेदनमा समावेश गर्ने प्रयास गरिएको छ ।

सामाजिक परीक्षण विधि प्रत्यक्ष सरोकारवालाहरु अर्थात वडास्तमा र गाउँपालिकास्तरमा बैठक बसि छलफल सहित लिखित निर्णय भएको छ । प्राप्त सुझावलाई मात्र आधार नबनाइ योजना सम्पन्न भएका स्थानहरुमा गएर प्रत्यक्षरुपमा योजनाहरुको चालु अवस्था र सम्पन्न गर्दाको अवस्था तथा हाल प्राप्त हुन थालेका उपलब्धिहरुकाबारेमा बुझ्ने काम भएको छ । गाउँपालिकाबाट तर्जुमा गरिएका ऐन नियम तथा कार्यविधि, योजना पुस्तिका, वार्षिक प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिकाबाट प्रकाशित राजपत्र आदिको समेत अध्ययन गरी सामाजिक परीक्षणका निष्कर्षहरुलाई बुँदागतरुपमा देहाय बमोजिम उल्लेख गरिएको छः -

- गाउँपालिकाबाट तर्जुमा गरि लागु गर्नुपर्ने कानुनहरूको तर्जुमा भएको पाइयो ।
- राजपत्र प्रकाशनलाई महत्व दिएको देखियो ।
- गाउँपालिकावासीलाई चुस्त दुरुस्त सेवा प्रवाहको लागि गाउँ कार्यपालिकाको कार्यालयको व्यवस्थापन सुधारोन्मुख छ ।
- गाउँ कार्यपालिकाको कार्यालय विषयगत शाखाहरू र वडा कार्यालयहरूमा प्रविधिको उपयोगमा जोड दिइएको पाइयो ।

- गाउँपालिका अध्यक्ष सहित सम्पूर्ण जनप्रतिनिधिहरू जनसरोकारका विषयहरूमा बढी केन्द्रिकृत भइ कार्य गरेको देखिन्छ ।
- सम्पन्न भएका योजनाहरू प्रकृयागत ढंगबाट सम्पन्न भइ लाभ दिन थालेको पाइयो ।
- उपभोक्ता समितिका पदाधिकारीहरू योजना सम्पन्न गर्दा बजेटको अपुग भएको गुनासो आयो
- उपभोक्ताहरूबाट जनसहभागिता वापतको हिस्सा बढी भएको गुनासो आयो ।
- योजनाको लागत स्टिमेट थोरै तर योजनाको प्रत्येक इकाई लागत बढी भएको गुनासो आयो
- योजना कार्यान्वयनमा ठेक्का पट्टा भन्दा उपभोक्ता समिति मार्फत गर्न गाउँपालिकाले जोड दिएको देखियो ।

## ५.१ सामाजिक परीक्षणले औंल्याएका सवालहरू

गाउँपालिकाको सामाजिक परीक्षण गर्ने सन्दर्भमा कार्यविधिमा ब्यवस्था भए अनुसार सैद्धान्तिक तथा व्यवहारिक औपचारिक तथा अनौपचारिक लिखित तथा मौखिक सबै तरिकाहरू अवलम्बन गर्ने कार्य भयो । यसरी प्राप्त भएका सवालहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः-

- योजना सम्झौता भएपछि योजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समितिका सदस्यहरूलाई तालिमको ब्यवस्था गर्ने सम्बन्धमा ।
- बजेट विनियोजन गरेर योजनाको Detail Survey गर्दै आएकोमा आगामी आर्थिक वर्ष देखि पहिला Detail Survey गरेर मात्र लागत स्टिमेटका आधारमा बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्ने सम्बन्धमा ।
- समयमा नै योजनाको सम्झौता गरी सम्पन्न गर्ने सम्बन्धमा ।

## ५.२ सवालहरू सम्बोधन

प्रतिवेदन तयार गर्दा उपभोक्ताहरू, निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, राजनैतिक दलका प्रतिनिधिहरूको राय लिइ यो प्रतिवेदन तयार गरिएको छ । सरोकारवालाहरू बर्षौंदेखि काम गरी अनुभव प्राप्त ब्यक्तिहरू भएका कारण गाउँपालिकाले भविष्यको योजना तर्जुमा गर्दा अर्थात कानुनहरूको तर्जुमा गर्दा प्रतिवेदनमा उठाइएका सवालहरूलाई सम्बोधन गर्न सकेमा अहिले औंल्याइएका यी सवालहरु भविष्यका मार्गदर्शक हुन सक्छन् । त्यती मात्र होइन चालु आ. व. मा देखिएका सवालहरू आगामी आ. व. मा दोहोरिन पाउँदैनन् । यहि तथ्यलाई हृदयङ्गम गरि अन्नपूर्ण

गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको सर्वपक्षीय भेला तथा गाउँ कार्यपालिकाले यसलाई गाउँसभामा पेश गरि छलफल गर्ने छ ।

## ५.३ सुझावहरू

सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाहरूले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको अपेक्षा राख्दछन् । आर्थिक लेखा परीक्षणमा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् भने सामाजिक परीक्षणमा परीक्षकले ब्यवस्थापन बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही समुदाय, नीति निर्माता सबैलाई सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ ।आफ्नो मूल्याङ्कन प्रत्यक्षरुपमा स्वयंले गर्ने संस्कार बोकेको यो प्रणालीबाट प्राप्त सुझावहरूलाई सस्थाले ग्रहण गरेमा भविष्यमा कार्यक्रम कार्यान्वयनमा आउन सक्ने त्रुटिमा कमी आउन सक्छ । स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हाँसिल भए सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी मानिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्न गाउँपालिकालाई ठूलो टेवा पुग्ने मानिन्छ । यसैका आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निश्कर्षहरूले सघाउ पुर्याउने विश्वास लिइ प्रस्तुत भएका सवालहरूलाई समेत मध्यनजर गरि बुँदागतरुपमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. अन्नपूर्ण गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नीति कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरेको पाइयो ।

२.अन्नपूर्ण गाउँपालिकाबाट सेवा प्रवाह गर्ने सन्दर्भमा जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व, स्थानीय श्रोत र साधनको उपयोग आदि सवालमा विशेष ध्यान दिइएको पाइयो ।

३. दिगो विकासको लागि आवश्यक कानुनहरुको तर्जुमा गर्नुका साथै अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाएको देखियो ।

४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक वडापत्रको व्यवस्था, प्रत्येक चौमासिकमा प्रगति सार्वजनिक गर्ने र सूचना अधिकारीको व्यवस्था आदि कार्यहरू

भइरहेको पाउँदा गाउँपालिकाले सुशासन प्रवद्धर्नमा पहल गरेको देखियो ।

५.स्थानीय सरकारको रुपमा स्थापीत अन्नपूर्ण गाउँपालिकाबाट सम्पादित काम प्रति वासीन्दाहरू खुशी हुनुको साथै जनप्रतिनिधि प्रति विश्वास्त रहेको पाइयो ।

**अब गर्नुपर्नेः**

- सम्झौता भएका योजनाहरुमा निर्माण व्यवसायी तथा उभोक्ता समितिहरूलाइ छिटो कार्य सम्पन्न गर्न समन्वय तथा निरन्तर प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- सडक सञ्जाललाई दिगो र भरपर्दो बनाउनु पर्ने ।
- विकट क्षेत्र रहेका कारण भएका जटिलतालाइ समाधानमा जोड दिनुपर्ने।
- कतिपय बितरणमुखी प्रकारका कार्यक्रमहरू सञ्चालन गर्न कानुनी तथा प्रक्रियागत जटिलता रहेकोले बजेट निर्माण गर्दा नै कार्यन्वयनयोग्य योजना छनौट गर्नुपर्ने ।
- जनप्रतिनिधिहरुले आ—आफ्नो वडामा रहेका योजनाहरु सम्पन्न गर्न निरन्तर समन्वय तथा सहकार्य गर्नुपर्ने ।

गाउँपालिकाबाट धेरै राम्रा कार्यहरुको प्रारम्भ हुँदाहुँदै पनि योजना तर्जुमा र कार्यान्वयन तथा लाभांश वितरणको चरणमा उठाइएका सवालहरूः

- योजनाको प्राथमिकता निर्धारण पछि मात्र लागत स्टिमेटको आधारमा बजेट विनियोजन गर्ने,
- योजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समितिका पदाधिकारीहरूलाई योजना कार्यान्वयन सम्बन्धी तालिमको ब्यवस्था गर्ने ।
- पूर्वाधार विकासको साथसाथै सामाजिक विकास र योजना तर्जुमामा प्राथमिकता दिने,
- छुवाछुत मुक्त, बालमैत्रीयुक्त, लैंङ्गिक हिंशामुक्त वडा तथा गाउँपालिका घोषणा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

माथि उल्लिखित कार्यमा जोड दिन सके भविष्यमा यो गाउँपालिका जिल्लाको नमूना गाउँपालिका बन्न सक्ने देखिन्छ ।

# माइन्यूटहरू

## १.मस्यौदा प्रतिवेदन उपर भएको छलफलको माइन्यूट

आज मिति २०८२/०१/१० गते अन्नपूर्ण गाउँपालिका म्याग्दीको अध्यक्ष श्री भारत कुमार पुन ज्यू को अध्यक्षता मा अन्नपूर्ण गाउँपालिकाको गत आ.व. २०८०/०८१ मा जारी गरेका आयोजना तथा कार्यक्रमहरूको सामाजिक परीक्षण मस्यौदा प्रतिवेदन उपर सस्टेनेबल रिसर्च डेभलपमेण्ट एण्ड म्यानेजमेण्ट कन्सल्ट प्रा.लि. पोखराको सहजिकरण मा निम्न लिखित उपस्थितिमा अन्तरक्रियात्मक छलफल सम्बन्धी कार्यक्रम सम्पन्न भयो।

उपस्थिति :-

| हस्ताक्षर | क्र.सं. | नाम | पद |
|---|---|---|---|
| | १ | श्री भारत कुमार पुन | अध्यक्ष |
| | २ | श्री दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष |
| | ३ | श्री दिलिप कुमार गर्बुजा | अध्यक्ष - वडा नं. १ |
| | ४ | श्री ओम प्रसाद पुर्जा | 〃 〃 २ |
| | ५ | श्री रमेश पुर्जा | 〃 〃 ३ |
| | ६ | श्री राजेश तिलिजा पुन | 〃 〃 ४ |
| | ७ | श्री राम बहादुर खड्का | 〃 〃 ६ |
| | ८ | श्री रत्न बहादुर गर्बुजा | 〃 〃 ८ |
| | ९ | श्री भीम बहादुर गर्बुजा | 〃 〃 ४ (का.वा.) |
| | १० | श्री मान बहादुर पुन | 〃 〃 ५ (का.वा.) |
| | ११ | श्री विष्णु कुमारी गर्बुजा | सदस्य कार्यपालिका |
| | १२ | श्री दिल कुमारी खोरजा | 〃 〃 |
| | १३ | श्री मिठु वि.क. | 〃 〃 |
| | १४ | श्री बिर बहादुर पौडेल | 〃 〃 |
| | १५ | श्री राममाया पुन | 〃 〃 |
| | १६ | श्री राम प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | १७ | श्री रमेश थापा (प्राइ टि, अध्यक्ष) | |
| | १८ | श्री आशा गहत. | सदस्य कार्यपालिका |
| | १९ | श्री तीर्थराज [illegible] | इन्जिनियर |
| | २० | श्री सविना थापा | वे.प्र.स. |
| | २१ | श्री मञ्जु पौडेल | 〃 सस्टेनेबल रिसर्च |
| | २२ | श्री महेन्द्र प्रसाद [illegible] | डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट, पोखरा 〃 |
| | २३ | श्री [illegible] पुन | 〃 |

# २. लाभान्वित समुहसँग भएको छलफलको माइन्यूट

आज मिति २०८१।१२।२० गते अन्नपूर्ण गाउँपालिका म्याग्दीले आयोजनाहरुको सामाजिक परीक्षण गर्ने क्रममा वडा नं. ४ अन्तरगतका तपसिल बमोजिमका आयोजनाका लाभान्वित समुहहरुसँग अन्नपूर्ण गाउँपालिका वडा नं. ४ को वडा कार्यालयमा सस्टेनेबल रिसर्च डेभलपमेण्ट एण्ड म्यानेजमेण्ट कन्सल्ट प्रा. लि. पोखराको सहजिकरणमा निम्न उपस्थितिमा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरियो।

तपसिल

१, प्रभा मा. वि. पूर्वाधार निर्माण आयोजना
२, नाग कुण्ड, रातो कुण्ड मोटरबाटो निर्माण
३, हेम्दी कृषि सडक निर्माण
४, नारच्याङ्ग झरना रेलिङ्ग निर्माण
५, शिवालय मन्दिर प्रवचन भवन निर्माण
६, स्वास्थ्य चौकी मर्मत तथा प्रतिक्षालय निर्माण

उपस्थिति :

| हस्ताक्षर | क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| [signature] | १, | मिन बहादुर सेरपुञ्जा | कार्यवाहक वडा अ. | ९८५६६८६८२५ |
| [signature] | २, | श्याम पुर्जा | वडा सदस्य | |
| सुकमाया | ३, | सुकमाया वि.क. | ,, | |
| [signature] | ४, | याम कुमारी सौतञ्जा | ,, | |
| [signature] | ५, | तेज बहादुर गुरुङ | विद्यालय व्य. स. अ. | ९८५६६२२१३३ |
| [signature] | ६, | अमृत नेपाली | वडा सचिव | ९८५६६८०९३६ |
| [signature] | ७, | मिन प्रसाद पुन | नारच्याङ्ग, झ. स. अ. | ९८०३१५६३६९ |
| [signature] | ८, | मिल बहादुर थजाली | नाग कुण्ड रातो कुण्ड मो.बा. नि. अ. | ९८४४९२२६ |
| [signature] | ९, | बुद्धि बहादुर पुर्जा | उपभोक्ता / टोल. वि. स. अ. | |
| [signature] | १०, | क्षमामाया गर्बुजा | का. स. | ९८६६६३४४२१ |
| [signature] | ११ | बालकृष्ण पाँडेल | सब-ईन्जिनियर | ९८४६६२९६५५ |
| कुमारी | १२, | कुमारी देवी पुर्जा | आमा स. सदस्य | |
| [signature] | (१३) | रमेश रजौ | (कार्यक्रम) अधिकृत | ९८६३३२८५६६ |
| महेन्द्र लामिछाने | (१४) | महेन्द्र प्रसाद लामिछाने | कार्यकारी निर्देशक सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा.लि. पोखरा | ९८४६०८४० |
| [signature] | १५) | जुना देवी पुन | विज्ञ ,, ,, ,, | ९८४६७६६ |

# फोटो झलकहरु












आयोजना विवरण बोर्ड
योजनाको नाम :-ठाटीटोल देखि शिवालय
मन्दिर सम्म नाला सहितको बाटो निर्माण
ठेगाना :-अन्नपूर्ण-३,दाना,म्याग्दी
कुल लागत :-५,५६,०८८.३
अन्नपूर्ण गा.पा. बाट :-५,००,०००/-
जनसहभागिता बाट :-५६,०८८.३
सम्झौता मिति :-२०८०/०९/२३
सम्पन्न मिति :-२०८०/११/२३
लाभान्वित घरधुरी संख्या :-४८
अध्यक्ष:-सुरेश श्रेष्ठ
सचिव:-होम बहादुर गुरुङ
कोषाध्यक्ष :-